
नेपाल कानून समाजद्वारा सञ्चालित

# संविधान सूचना केन्द्र

# संविधानको विधेयकको पहिलो मस्यौदाका आधारभूत विशेषताहरु




प्रकाशक

नेपाल कानून समाज

Nepal Law Society

(संविधानसभाबाट पारित संविधानको प्रारम्भिक मस्यौदाको आधारभूत विशेषताहरू संविधान सूचना केन्द्रका सरोकारवालाहरूको जानकारीको लागि वितरण गरिएको छ । यस विवरणले संविधानसभा नागरिक सम्बन्ध तथा संविधान सुझाव समितिले नागरिकहरूको औपचारिक सुझाव सङ्कलन गर्न सहयोग पुऱ्याउने उद्देश्यका लागि वितरण गरिएको छ)

**संविधानको विधेयकको पहिलो मस्यौदाको संरचना**

- संविधान मस्यौदा समितिको मिति २०७२।३।१३ को बैठकले पारित,
- संविधानसभाको मिति २०७२।३।१५ गतेको बैठकमा टेबल गरिएको,
- संविधानसभाको मिति २०७२।३।२२ गते नागरिकहरूको सुझावको लागि राजपत्रमा प्रकाशित गर्ने निर्णय,
- प्रस्तावना,
- ३७ भाग,
- २९७ धारा,
- ७ अनुसूची सहितको पूर्ण मस्यौदा ।

## १. प्रस्तावना

- नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राख्ने प्रण,
- विगतमा जनातले गरेको त्याग र वलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण,
- सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्ने उद्घोषण,
- विविधता बीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन गर्ने र समतामूलक समाजको निर्माण गर्ने संकल्प,
- प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, प्रेस स्वतन्त्रता, स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका तथा कानुनी राज्यको अवधारणा लगायत लोकतान्त्रिक मूल्य र मान्यताप्रति प्रतिबद्ध,
- सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने उद्देश्य ।

## २. प्रारम्भिक भाग

- संविधान नेपालको मूल कानुन भएको उदघोषण,
- नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहित,
- राष्ट्रको परिभाषालाई निरन्तरता,
- राज्यको परिभाषामा धर्मनिरपेक्ष, समावेशी लोकतन्त्रात्मक, समाजवाद उन्मुख, गणतन्त्रात्मक, बहुजातीय तत्वहरू थपिएको,
- सार्वभौमसत्ता, राष्ट्रिय अखण्डता, स्वाधीनता, स्वतन्त्रता, एकता, नेपालीको हक एवं स्वाभिमानको रक्षा, सीमानाको सुरक्षा, आर्थिक समुन्नति र समृद्धि नेपालको राष्ट्रिय हितका आधारभूत विषयहरु,
- नेपालमा बोलिने सबै मातृभाषाहरू राष्ट्रभाषा, नेपाली भाषा सरकारी कामकाजको भाषा, प्रदेशले थप कुनै अन्य राष्ट्रभाषालाई प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्ने,
- हालको नेपालको राष्ट्रिय झण्डा, राष्ट्रिय गान, निशान छाप र राष्ट्रिय चिन्हलाई निरन्तरता ।

## ३ नागरिकता

- कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित नगरिने, प्रादेशिक पहिचान सहितको एकल सङ्घीय नागरिकताको व्यवस्था गरिएको,
- जन्म हुँदाका बखत आमा र बाबु दुबै नेपाली नागरिक रहेछन भने त्यस्तो व्यक्तिले वंशजको आधारमा नागरिकता पाउने,
- जन्म हुँदाका बखत आमा वा बाबुमध्ये एक नेपाली नागरिक रहेछन् र नागरिकता लिंदाका बखत आमा र बाबु दुबै नेपाली नागरिक रहेछन भने त्यस्तो व्यक्तिले वंशजको आधारमा नागरिकता पाउने,
- विदेशी नागरिकसँग विवाह भएको नेपाली नागरिकबाट नेपालमा जन्मेको र नेपालमा बसोबास गरेको व्यक्तिले विदेशको नागरिकता नलिएको स्वयं घोषणा गरी अङ्गिकृत नागरिकता लिन सक्ने,
- नेपाली नागरिकता त्याग गरी विदेशको नागरिकता लिएको नेपालीको व्यक्तिलाई आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार उपभोग गर्न पाउने गरी गैरआवासीय नेपाली नागरिकता प्रदान गर्न सकिने,
- नागरिकता सम्बन्धी अन्य व्यवस्था यथावत ।

## ४. मौलिक हक र कर्तव्य

- नेपालको अन्तरिम संविधानमा व्यवस्था भएका सबै मौलिकहकलाई निरन्तरता दिंदै र १० वटा थप गरिइएको (सम्मानपूर्वक बाँच्न पाउने हक, स्वतन्त्रताको हक, समानताको हक, आम सञ्चारको हक, न्याय सम्बन्धी हक, अपराध पीडितको हक, यातना विरूद्धको हक, निवारक नजरबन्द विरूद्धको हक, छुवाछूत तथा भेदभाव विरूद्धको हक, सम्पत्तिको हक, धार्मिक स्वतन्त्रताको हक, सूचनाको हक, गोपनीयताको हक, शोषण विरूद्धको हक, स्वच्छ वातावरणको हक, शिक्षा सम्बन्धी हक, भाषा तथा संस्कृतिको हक, रोजगारीको हक, श्रमको हक, स्वास्थ्य सम्बन्धी हक, खाद्य सम्बन्धी हक, आवासको हक, महिलाको हक, बालबालिकाको हक, दलितको हक, ज्येष्ठ नागरिकको हक, सामाजिक न्यायको हक, सामाजिक सुरक्षाको हक, उपभोक्ताको हक, देश निकाला विरूद्धको हक),
- आवासको हक, खाद्यको हक, दलितको हक, ज्येष्ठ नागरिकको हक, उपभोक्ताको हक, अपराध पीडितको हकलाई पहिलो पटक मौलिक हकको रूपमा व्यवस्था गरिएको,
- मौलिक हकको कार्यान्वयन गर्न यो संविधान प्रारम्भ भएको तीन वर्षभित्र राज्यले कानुनी व्यवस्था गर्नुपर्ने,
- मौलिक हकको उपचारको लागि अब उच्च अदालतमा पनि निवेदन दिन सकिने,
- मौलिक हकको साथै राष्ट्रप्रति निष्ठावान हुदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु, संविधान र कानुनको पालना गर्नु र राष्ट्रले चाहेका बखत अनिवार्य सेवा गर्नु नागरिकको कर्तव्य हुने नयाँ व्यवस्था गरिएको ।

## ५ राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व

- निर्देशक सिद्धान्तको रूपमा राज्यको राजनीतिक उद्देश्य, सामाजिक सांस्कृतिक उद्देश्य, आर्थिक उद्देश्य र अन्तर्राष्ट्रिय अन्तर्राष्ट्रिय सम्बन्ध सम्बन्धी सिद्धान्त तय गरिएको,
- विभिन्न १३ वटा क्षेत्रगत नीतिहरू उल्लेख भएको-

  (क) राष्ट्रिय एकता र राष्ट्रिय सुरक्षा सम्बन्धी नीति, (ख) राजनीतिक तथा शासन व्यवस्था सम्बन्धी नीति, (ग) सामाजिक, सांस्कृतिक रूपान्तरण सम्बन्धी नीति, (घ) अर्थ र वाणिज्य सम्बन्धी नीति, (ङ) कृषि र भूमिसुधार सम्बन्धी नीति, (च) विकास सम्बन्धी नीति, (छ) प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्धन र उपयोग सम्बन्धी नीति, (ज) नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति, (झ) श्रम र रोजगार सम्बन्धी नीति, (ञ) सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति, (ट) न्याय र दण्ड व्यवस्था सम्बन्धी नीति, (ठ) पर्यटन सम्बन्धी नीति, (ड) अन्तर्राष्ट्रिय सम्बन्ध सम्बन्धी नीति,

- नेपालको सार्वभौमसत्ता, भौगोलिक राष्ट्रिय स्वाधीनता र अखण्डता अक्षुण्ण राख्दै मौलिक हक र मानवअधिकारको संरक्षण र सम्वर्द्धन गर्ने, राज्यका निर्देशक सिद्धान्तको अनुशरण गर्ने र राज्यका नीतिहरूलाई क्रमशः कार्यान्वयन गर्दै जाने राज्यको दायित्व,
- राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व कार्यान्वयन गर्न सरकारले गरेका कामहरू र प्राप्त उपलब्धि सहितको वार्षिक प्रतिवेदन नेपाल सरकारले राष्ट्रपतिसमक्ष पेश गर्नु पर्ने ।
- राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको प्रगतिशील कार्यान्वयन भए नभएको अनुगमन गर्न सङ्घीय संसदमा एक समिति रहने ।
- राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अदालतबाट कार्यान्वयन नहुने ।

## ६. राज्यको संरचना

- सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने,
- पहिचानका पाँच र सामर्थ्यका चार आधारमा आधारित भई नेपालमा आठ प्रदेश निर्माण गरिने । प्रदेशको सीमाङ्कन गर्न सङ्घीय आयोग गठन गरिने । त्यस्तो आयोगको कार्यकाल छ महीनाको हुने,
- सङ्घीय आयोगको सुझावको आधारमा प्रदेशको सीमाङ्कन सम्बन्धी अन्तिम निर्णय सो आयोगको प्रतिवेदन यस संविधान बमोजिम रूपान्तरित व्यवस्थापिका–संसदमा पेश भएको मितिले तीन महिनाभित्र व्यवस्थापिका–संसदमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको दुई तिहाइ बहुमतले गर्ने,
- प्रदेशको नामाकरण सम्बन्धित प्रदेश सभाको सम्पूर्ण सदस्य संख्याको दुई तिहाइ बहुमतबाट हुने,
- स्थानीय तह अन्तर्गत गाउँपालिका, नगरपालिका र जिल्ला सभा रहने,
- विशेषक्षेत्र सहितको विशेष संरचना कानुन बमोजिम हुने,
- गाउँपालिका, नगरपालिका र विशेष संरचनाको संख्या र क्षेत्र निर्धारण गर्नको लागि नेपाल सरकारले एक आयोग गठन गर्ने ।

## ७ राज्यशक्तिको बाँडफाँट

- सङ्घको अधिकार, प्रदेशको अधिकार, साझा अधिकार र स्थानीय तहको अधिकार अनुसूचीमा उल्लेख भए बमोजिम हुने । साझा अधिकारको विषयमा प्रदेश सभाले बनाएको कानुन सङ्घीय संसदले बनाएको कानुनसँग बाझिएमा बाझिएको हदसम्म प्रदेश सभाले बनाएको कानुन अमान्य हुने,
- सङ्घ, प्रदेश तथा स्थानीय तहको अधिकारको सूची वा सङ्घ र प्रदेशको साझा सूचीमा उल्लेख नभएको कुनै विषयमा तथा यो संविधानमा नतोकिएको विषयमा अवशिष्ट अधिकार सङ्घमा रहने,
- सङ्घ, प्रदेश र स्थानीय तहले आ–आफ्नो तहको बजेट बनाउने र बजेट पेश गर्ने समय सङ्घीय कानुन बमोजिम हुने,
- सङ्घ, प्रदेश र स्थानीय तहले आफ्नो आर्थिक अधिकारक्षेत्र भित्रको विषयमा कर लगाउँन र ती स्रोतहरूबाट राजस्व उठाउन सक्ने ।

## ८. सङ्घको शासकीय स्वरूप

- देशको शासकीय स्वरूप बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली हुने,
- नेपालको कार्यकारिणी अधिकार यो संविधान र कानुन बमोजिम मन्त्रिपरिषदमा निहित हुने,
- राष्ट्रपतिबाट यो संविधान र कानुन बमोजिम कुनै निकाय वा पदाधिकारीको सिफारिसमा गरिने भनी किटानी साथ व्यवस्था भएको कार्य बाहेक राष्ट्रपतिबाट सम्पादन गरिने सबै कार्य मन्त्रिपरिषदको सल्लाह र सम्मतिबाट हुने,

- नेपालमा एकजना राष्ट्रपति र एकजना उपराष्ट्रपति रहने । राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन सङ्घीय संसदका सदस्य र प्रदेश सभाका सदस्य मतदाता रहेको निर्वाचक मण्डलबाट हुने,
- निर्वाचक मण्डलको तत्काल कायम रहेको कुल मतको बहुमत प्राप्त गर्ने व्यक्ति राष्ट्रपति वा उपराष्ट्रपति निर्वाचित हुने । कुनै उम्मेदवारले बहुमत प्राप्त गर्न नसकेमा सबैभन्दा बढी मत प्राप्त गर्ने दुई उम्मेदवारहरु बीच दोस्रो चरणको मतदान हुने ।

## ९. सङ्घीय मन्त्रीपरिषदको गठन

- राष्ट्रपतिले प्रतिनिधिसभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्ने र निजको अध्यक्षतामा मन्त्रिपरिषद् गठन हुने,
- प्रतिनिधिसभामा कुनै पनि दलको स्पष्ट बहुमत नरहेको अवस्थामा दुई वा दुई भन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने व्यक्ति प्रधानमन्त्री हुने,
- दुई वा दुई भन्दा बढी दलहरूको समर्थनमा प्रधानमन्त्री बन्न नसकेमा सबैभन्दा बढी सदस्यहरु भएको दलको संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्ने । त्यस्तो प्रधानमन्त्रीले विश्वासको मत पाउन नसकेमा एकपटक पुनः बहुमतको समर्थन पाउन सक्ने व्यक्तिलाई प्रधानमन्त्री बन्ने अवसर प्रदान गरिने । निजले पनि विश्वासको मत पाउन नसकेमा प्रतिनिधिसभा विघटन गरी अर्को निर्वाचनको मिति तोकिने,
- राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा सङ्घीय संसदका सदस्यमध्येबाट समावेशी सिद्धान्त बमोजिम बढीमा पच्चीस जना मन्त्री रहेको मन्त्रिपरिषद् गठन गर्ने,
- राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा सङ्घीय संसदको सदस्य नभएको कुनै व्यक्तिलाई उपप्रधानमन्त्री, मन्त्री, राज्य मन्त्री वा सहायक मन्त्री पदमा नियुक्त गर्न सक्ने तर निजले छ महिना भित्र सङ्घीय संसदको सदस्य बन्नु पर्ने,
- आम निर्वाचनमा पराजित व्यक्ति उक्त प्रतिनिधिसभाको कार्यकाल भरी मन्त्री बन्न नपाउने ।

## १०. सङ्घीय संसद

- प्रतिनिधिसभा र राष्ट्रिय सभा सहितको दुईसदनात्मक सङ्घीय संसद रहने,
- प्रतिनिधिसभामा १६५ जना पहिलो हुने निर्वाचित हुने र ११० जना समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने जम्मा २७५ जना सदस्य रहने,
- राष्ट्रिय सभामा प्रत्येक प्रदेशबाट कम्तीमा दुई जना महिला सहित पाँच जनाको दरले निर्वाचित चालीस सदस्य र नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनीत कम्तीमा दुई जना महिला सहित पाँचजना गरी ४५ सदस्य रहने,
- राष्ट्रिय सभामा ४० सदस्य निर्वाचनको लागि प्रत्येक प्रदेशका प्रदेश सभाका सदस्य र स्थानीय निकायका प्रमुख रहेको निर्वाचक मण्डल रहने,
- सङ्घीय संसदमा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य संख्याको कम्तीमा एक तिहाइ सदस्य महिला हुनु पर्ने,
- प्रतिनिधिसभामा अविश्वासको प्रस्ताव ल्याउदा वैकल्पिक प्रधानमन्त्रीको नाम समेत प्रस्ताव गर्नु पर्ने ।

## ११. सङ्घीय संसदले कानुन बनाउने प्रक्रिया

- सङ्घीय सूची र साझा सूचीको विषयमा कानुन बनाउन कुनै सदनमा विधेयक पेश गर्न सकिने । तर अर्थ विधेयक प्रतिनिधिसभामा मात्र पेश गन सकिने,
- अर्थ विधेयक, नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी लगायत सुरक्षा निकायसँग सम्बन्धित विधेयक सरकारी विधेयकको रूपमा मात्र प्रस्तुत हुने,
- सङ्घीय संसदको एउटा सदनले पारित गरेको विधेयक यथाशीघ्र अर्को सदनमा पठाइने र सो सदनले पारित गरेपछि प्रमाणीकरणको लागि राष्ट्रपति समक्ष पेश गरिने,

- राष्ट्रियसभाले पारित गरेको तर प्रतिनिधि सभाले अस्वीकार गरेको, वा प्रतिनिधिसभाले संशोधन सहित राष्ट्रिय सभामा फिर्ता पठाएको तर राष्ट्रियसभा सो संशोधनमा सहमत हुन नसकेको विधेयक दुबै सदनको संयुक्त बैठकमा पेश गरिने । त्यहाँबाट पारित भएमा प्रमाणीकरणको लागि राष्ट्रपति समक्ष पेश गरिने ।

## १२. सङ्घीय आर्थिक कार्य प्रणाली

- कानुन बमोजिम बाहेक कर लगाउन उठाउन नपाइने । कानुन बमोजिम बाहेक नेपाल सरकारले ऋण लिने र जमानत दिने छैन,
- नेपाल सरकारको अर्थमन्त्रीले प्रत्येक आर्थिक वर्षको सम्बन्धमा प्रत्येक वर्षको ज्येष्ठ १५ गते सङ्घीय संसदमा राजस्व र व्ययको अनुमान पेश गर्नुपर्ने,
- नेपाल सरकारलाई प्राप्त हुने सबै प्रकारको राजस्व, राजस्वको धितोमा लिइएका सबै कर्जा, ऐनको अधिकार अन्तर्गत दिइएको जुनसुकै ऋण असुल हुँदा प्राप्त हुने सबै धन र नेपाल सरकारलाई प्राप्त हुने अन्य जुनसुकै प्रकारको रकम सङ्घीय सञ्चित कोषमा आम्दानी बाधिने,
- सङ्घीय सञ्चित कोषमाथि व्ययभार भएको रकम, विनियोजन ऐनद्धारा खर्च हुने रकम, विनियोजन विधेयक विचाराधीन भएको अवस्थामा पेश्की खर्च ऐनद्वारा खर्च गरिने रकम र विशेष अवस्थामा व्ययको मात्र विवरण भएको उधारो खर्च ऐनद्वारा खर्च हुने रकम मात्र सङ्घीय सञ्चित कोषबाट झिक्न सकिने ।

## १३. न्यायपालिका

- नेपालमा स्वतन्त्र, सक्षम एकीकृत प्रकृतिको न्यायपालिका रहने । सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालत गरी ३ तहका अदालतहरू रहने । १० वर्षको लागि संवैधानिक अदालत रहने,
- हरेक प्रदेशमा उच्च अदालत र सबै जिल्लामा जिल्ला अदालत रहने,
- खास किसिम र प्रकृतिका मुद्दाहरूको कारबाही र किनारा गर्न कानुन बमोजिम अन्य विशिष्टीकृत अदालत, न्यायिक निकाय वा न्यायाधिकरणको स्थापना र गठन गर्न सकिने,
- कानुन बमोजिम मुद्दा हेर्न स्थानीय स्तरमा न्यायिक निकाय वा विवाद समाधानका अन्य वैकल्पिक उपाय अवलम्बन गर्न आवश्यकता अनुसार अन्य निकाय गठन गर्न सकिने,
- छ महिनाभन्दा बढी कैद सजाय हुने फौजदारी कसूर सम्बन्धी मुद्दा अदालत वा विशिष्टीकृत अदालत वा सैनिक अदालत वा न्यायिक निकाय बाहेक अन्य निकायको क्षेत्राधिकारमा पर्ने गरी कानून बनाउन नसकिने,
- संविधान र कानुनको व्याख्या गर्ने अन्तिम अधिकार सर्वोच्च अदालतको हुने ।
- सर्वोच्च अदालतमा प्रधान न्यायाधीशका अतिरिक्त बढीमा चौध जना न्यायाधीश रहने । सर्वोच्च अदालतमा मुद्दाको चाप बढ्न गएमा केही समयको लागि उच्च अदालतका मुख्य न्यायाधीशलाई सर्वोच्च अदालतमा काममा लगाउन सकिने,
- सर्वोच्च अदालतलाई कानुनको न्यायिक पुनरावलोकन गर्ने, रिट जारी गर्ने, कानुन बमोजिम शुरू मुद्दा हेर्ने, पुनरावेदन सुन्ने, आफ्नो फैसला वा अन्तिम आदेशको पुनरावलोकन गर्ने, साधक जाँच्ने, मुद्दा दोहऱ्याउने, वा निवेदन सुन्ने अधिकार हुने,
- प्रधानन्यायाधीश र दुईजना वरिष्ठतम् न्यायाधीश पदेन र अन्य दुईजना कानूनविद् न्यायाधीश रहेको संवैधानिक अदालत रहने । यो अदालतले सङ्घ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह एवं स्थानीय तह बीचको अधिकार क्षेत्रको बारेमा भएको विवाद र सङ्घीय संसद र प्रदेश सभाको सदस्यको निर्वाचन र अयोग्यता सम्बन्धी विवाद निरूपण गर्ने,
- उच्च अदालतलाई सबै प्रकारका रिट जारी गर्ने र सार्वजनिक सरोकारको विवाद हेर्ने अधिकारक्षेत्र रहने,
- न्यायाधीशको नियुक्ति, सरूवा, अनुशासन सम्बन्धी कारवाही, बर्खासी र न्याय प्रशासन सम्बन्धी अन्य विषयको सिफारिस गर्न वा परामर्श दिन अन्तरिम संविधानमा भए सरहको न्यायपरिषद रहने ।

## १४. प्रादेशिक कार्यपालिका

- प्रदेशको कार्यकारिणी अधिकार प्रदेशको मन्त्रिपरिषदमा निहित रहने,
- साझा सूचीमा उल्लिखित विषयको सम्बन्धमा प्रादेशिक मन्त्रिपरिषदले कार्यकारिणी अधिकारको प्रयोग गर्दा नेपाल सरकारसँग समन्वयमा गर्नु पर्ने,
- प्रत्येक प्रदेशमा सङ्घीय सरकारको प्रतिनिधिको रूपमा प्रदेश प्रमुख रहने । राष्ट्रपतिले नेपाल सरकार मन्त्रीपरिषदको सिफारिसमा प्रत्येक प्रदेशको लागि एक प्रदेश प्रमुख नियुक्ति गर्ने । प्रदेश प्रमुखको पदावधि पाँच वर्षको हुने । एउटै व्यक्ति एक पटकभन्दा बढी एकै प्रदेशमा प्रदेश प्रमुख हुन नसक्ने,
- प्रदेश प्रमुखले प्रदेशसभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई मुख्यमन्त्री नियुक्त गर्ने र निजको अध्यक्षतामा मन्त्रिपरिषद्को गठन हुने,
- प्रदेशसभामा कुनै पनि दलको स्पष्ट बहुमत नरहेको अवस्थामा प्रदेशसभामा प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने दुई वा दुई भन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेशसभाको सदस्यलाई प्रदेश प्रमुखले मुख्यमन्त्री नियुक्त गर्ने ।
- दुई वा दुई भन्दा बढी दलहरूको समर्थनमा मुख्यमन्त्री बन्न नसकेमा वा विश्वासको मत पाउन नसकेमा प्रदेश प्रमुखले प्रदेशसभामा सबैभन्दा बढी सदस्यहरु भएको दलको संसदीय दलको नेतालाई मुख्यमन्त्री नियुक्त गर्ने । त्यस्तो मुख्यमन्त्रीले विश्वासको मत पाउन नसकेमा एकपटक पुनः बहुमतको समर्थन पाउन सक्ने व्यक्तिलाई मुख्यमन्त्री बन्ने अवसर प्रदान गरिने । निजले पनि विश्वासको मत पाउन नसकेमा प्रदेशसभा विघटन गरी अर्को निर्वाचनको मिति तोकिने,
- प्रदेश प्रमुखले मुख्यमन्त्रीको सिफारिसमा प्रदेश सभाका सदस्यमध्येबाट समावेशी सिद्धान्त बमोजिम मुख्यमन्त्री सहित प्रदेश सभाका कुल सदस्य संख्याको बीस प्रतिशत भन्दा बढी नहुने गरी प्रदेश मन्त्रिपरिषद् गठन गर्ने,
- प्रदेश प्रमुखले मुख्यमन्त्रीको सिफारिसमा प्रदेशसभाको सदस्य नभएको कुनै व्यक्तिलाई मन्त्री, राज्य मन्त्री वा सहायक मन्त्री पदमा नियुक्त गर्न सक्ने तर निजले छ महिना भित्र प्रदेशसभाको सदस्य बन्नु पर्ने,
- प्रदेश सभाको निर्वाचनमा पराजित भएको व्यक्ति सो प्रदेश सभाको कार्यकालभर मन्त्री, राज्य मन्त्री वा सहायक मन्त्री बन्न नसक्ने ।

## १५. प्रादेशिक व्यवस्थापिका

- प्रदेशमा एकसदनात्मक व्यवस्थापिका रहने, यसलाई प्रदेश सभा भनिने,
- हरेक प्रदेशमा उक्त प्रदेशबाट प्रतिनिधिसभाको लागि प्रत्यक्ष निर्वाचनबाट निर्वाचित हुने सदस्यको दोब्बर संख्यामा हुन आउने सदस्य प्रत्यक्षबाट र उक्त संख्यालाई साठी प्रतिशत मानी बाँकी चालिस प्रतिशत सदस्य समानुपातिक प्रणालीबाट निर्वाचित हुने,
- प्रदेशसभामा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य संख्याको कम्तीमा एक तिहाइ सदस्य महिला हुनु पर्ने,
- प्रदेश सभाको सभामुख र उपसभामुख फरक लिङ्ग र फरक दलको हुनु पर्ने,
- प्रदेशसभाको अलग्गै सचिवालय रहने, प्रदेशप्रमुखले प्रदेश सभामुखको सिफारिसमा प्रदेश सभाको सचिव नियुक्त गर्ने,
- प्रदेशसभामा अविश्वासको प्रस्ताव पेश गर्दा मुख्यमन्त्रीको लागि प्रस्तावित सदस्यको नाम समेत उल्लेख गर्नु पर्ने । अविश्वासको प्रस्ताव पारित भई मुख्यमन्त्रीको पद रिक्त भएमा त्यसरी प्रस्तावित सदस्य मुख्यमन्त्री पदमा नियुक्त हुने ।

## १६. प्रदेश सभाले कानुन बनाउने प्रक्रिया

- प्रदेश सूची र साझा सूचीको विषयमा कानुन बनाउन प्रदेशसभामा विधेयक पेश गर्न सकिने,
- अर्थ विधेयक र शान्ति सुरक्षासँग सम्बन्धित विधेयक सरकारी विधेयकको रूपमा मात्र प्रस्तुत हुने,
- प्रदेशसभाले पारित गरेको विधेयक प्रमाणीकरणको लागि प्रदेशसभा समक्ष पेश गरिने,
- प्रमाणीकरणको लागि पेश भएको अर्थ विधेयक बाहेक अन्य विधेयकको सम्बन्धमा पुनः विचार विमर्श हुनु आवश्यक छ भन्ने लागेमा प्रदेशप्रमुखले विधेयक पेश भएको पन्ध्र दिनभित्र सन्देश सहित प्रदेश सभामा फिर्ता पठाउन सक्ने,
- प्रदेशप्रमुखले कुनै विधेयक सन्देश सहित फिर्ता गरेमा त्यस विधेयकमाथि प्रदेश सभाले पुनर्विचार गरी सो विधेयक प्रस्तुत रूपमा वा संशोधन सहित पारित गरी पुनः पेश गरेमा त्यसरी पेश भएको पन्ध्र दिन भित्र प्रदेश प्रमुखले प्रमाणीकरण गर्ने ।

## १७. प्रदेश सभाको आर्थिक कार्यप्रणाली

- कानुन बमोजिम बाहेक प्रदेशमा कुनै कर नलगाइने र नउठाइने । कानुन बमोजिम बाहेक प्रदेश सरकारले कुनै ऋृण नलिने र जमानत नदिने,
- सङ्घीय कानुनले तोकेको समयमा प्रदेशको अर्थमन्त्रीले प्रत्येक आर्थिक वर्षको सम्बन्धमा प्रदेश सभामा राजस्व र व्ययको अनुमान बजेट प्रस्तुत गर्ने,
- गुठी रकम बाहेक प्रदेश सरकारलाई प्राप्त हुने सबै प्रकारका राजस्व, राजस्वको धितोमा लिइएका सबै कर्जा, ऐनको अधिकार अन्तर्गत दिइएको जुनसुकै ऋृण असुल हुँदा प्राप्त भएको सबै धन र नेपाल सरकारबाट प्राप्त हुने अनुदान एवं ऋृण रकम प्रदेश सञ्चित कोषमा आम्दानी बाधिने,
- प्रदेश सञ्चित कोषमाथि व्ययभार भएको रकम, विनियोजन ऐनद्वारा खर्च हुने रकम, विनियोजन विधेयक विचाराधीन भएको अवस्थामा पेश्की खर्च ऐनद्वारा खर्च गरिने रकम र विशेष अवस्थामा व्ययको मात्र विवरण भएको उधारो खर्च ऐनद्वारा खर्च हुने रकममात्र प्रदेश सञ्चित कोषबाट झिक्न सकिने ।

## १८. स्थानीय कार्यपालिका

- स्थानीय तहको कार्यकारिणी अधिकार गाउँ कार्यपालिका वा नगर कार्यपालिकामा निहित रहने,
- गाउँ कार्यपालिकामा एक जना प्रमुख, एकजना उपप्रमुख र १५ जना सदस्य गरी १७ जना रहने । गाउ कार्यपालिकामा गाउसभाले निर्वाचित गरेका वडा अध्यक्षहरू र चारजना महिला र दुईजना दलित वा अल्पसंख्यक व्यक्ति सदस्य रहने,
- नगर कार्यपालिकामा एक जना प्रमुख, एकजना उपप्रमुख र १९ जना सदस्य गरी कम्तीमा २१ जना रहने । नगर कार्यपालिकामा नगरसभाले निर्वाचित गरेका वडा अध्यक्षहरू र ५ जना महिला र ३ जना दलित वा अल्पसंख्यक व्यक्ति सदस्य रहने,
- प्रमुख र उपप्रमुखको निर्वाचन सम्बन्धित गाउँपालिका वा नगरपालिका क्षेत्रभित्रका मतदाताले एक व्यक्ति एक मतको आधारमा गोप्य मतदानद्वारा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम गर्ने ।
- प्रमुख, उपप्रमुख तथा गाउँ कार्यपालिका वा नगर कार्यपालिकाका सदस्यको पदावधि पाँच वर्षको हुने,
- प्रमुखको पदमा दुई कार्यकाल निर्वाचित भएको व्यक्ति त्यस पछि हुने गाउँपालिका वा नगर कार्यपालिकाको निर्वाचनमा उम्मेदवार हुन नपाउने,
- गाउँ कार्यपालिका वा नगर कार्यपालिकाका प्रमुख वा उपप्रमुख वा सदस्य पदमा उम्मेदवार हुन नेपाली नागरिक, एक्काइस वर्ष उमेर पूरा भएको, सम्बन्धित गाउँपालिका वा नगरपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको, र कुनै कानुनले अयोग्य नभएको हुनुपर्ने,

- सङ्घीय र प्रादेशिक कानुन बमोजिम गाउँपालिका वा नगर पालिकालाई प्रदत्त मुद्दा मामिला हेर्ने अधिकारको प्रयोग गर्न प्रत्येक गाउँपालिकामा गाउँ कार्यपालिका उपप्रमुख र नगरपालिकामा नगर कार्यपालिका उपप्रमुखको संयोजकत्वमा ३ सदस्य रहेको न्यायिक समिति रहने ।

## १९. जिल्ला सभा र जिल्ला समन्वय समिति

- जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाहरू बीच समन्वय तथा आवश्यक व्यवस्थापन गर्न कानुन बमोजिम एक जिल्लासभा रहने,
- जिल्ला सभामा जिल्ला भित्रका प्रत्येक गाउँ कार्यपालिका प्रमुख र नगर कार्यपालिका प्रमुख सदस्य रहने,
- जिल्ला सभाले प्रादेशिक कानुन बमोजिम एक जना प्रमुख, एक जना उपप्रमुख र कम्तीमा तीन जना महिला र कम्तीमा एक जना दलित वा अल्पसंख्यक सहित बढीमा नौ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्ने । जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख र सदस्यको पदावधि पाँच वर्षको हुने,
- सम्बन्धित जिल्लाभित्रको गाउँसभा वा नगरसभाको सदस्य जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख वा सदस्य पदको उम्मेदवार हुन योग्य हुने,
- जिल्ला समन्वय समितिले जिल्ला सभाको तर्फबाट गर्नु पर्ने सम्पूर्ण कार्य सम्पादन गर्ने ।

## २०. स्थानीय व्यवस्थापिका

- स्थानीय तहको व्यवस्थापिकीय अधिकार गाउँ सभा र नगरसभामा निहित रहने । गाउँ सभा र नगरसभाको व्यवस्थापिकीय अधिकार अनुसूची–७ बमोजिमको स्थानीय तहको सूचीमा उल्लेख भए बमोजिम हुने । उक्त विषयमा गाउ सभा वा नगरसभाले कानुन बनाउन सक्ने,
- प्रत्येक गाउसभामा गाउँ कार्यपालिका प्रमुख, उपप्रमुख र प्रत्येक वडाबाट ५ जनाको दरले कानुन बमोजिम निर्वाचित ४५ जना गरी ४७ सदस्य रहने छन् । हरेक वडाबाट कम्तीमा दुईजना महिलाको प्रतिनिधित्व हुनु पर्नेछ,
- प्रत्येक नगरसभामा नगर कार्यपालिका प्रमुख, उपप्रमुख र प्रत्येक वडाबाट ५ जनाको दरले कानुन बमोजिम निर्वाचित कम्तीमा ५५ जना गरी कम्तीमा ५७ सदस्य रहने छन् । नगरपालिकामा रहने वडाको संख्या बमोजिम सदस्य बढी पनि रहन सक्छन् । हरेक वडाबाट कम्तीमा दुईजना महिलाको प्रतिनिधित्व हुनु पर्नेछ,
- गाउँसभा वा नगरसभाको सदस्यको निर्वाचन पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अनुसार बालिग मताधिकारको आधारमा गोप्य मतदानद्वारा हुने,
- गाउँपालिका र नगरपालिकाका प्रत्येक वडाबाट दुईजना महिला सहित पाँचजना सदस्य गाउ सभा वा नगरसभामा निर्वाचित हुने । गाउ सभा वा नगरसभाले ती पाँचजना सदस्यमध्ये एकजनालाई वडा अध्यक्षमा निर्वाचित गर्ने,
- गाउँ कार्यपालिकाको प्रमुख र उपप्रमुख तथा नगर कार्यपालिकाको प्रमुख र उपप्रमुखले क्रमशः गाउँसभा र नगरसभाको अध्यक्ष र उपाध्यक्ष भई कार्य सम्पादन गर्ने,
- गाउँसभा र नगरसभाको सञ्चालन, कानुन बनाउने प्रक्रिया, बैठकको कार्यविधि, समिति गठन, सदस्यको पद रिक्त हुने अवस्था, गाउँ सभा र नगरसभाका सदस्यले पाउने सुविधा, गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालय सम्बन्धी अन्य व्यवस्था प्रादेशिक कानुन बमोजिम हुने ।

## २१ स्थानीय आर्थिक कार्यप्रणाली

- कानुन बमोजिम बाहेक स्थानीय तहमा कुनै कर लगाउन, उठाउन ऋण लिन नपाइने,
- स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रको विषयमा राष्ट्रिय, आर्थिक नीति, वस्तु सेवा, पूँजी श्रम को ओसार पसार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकूल असर नपर्ने गरी कर लगाउन सक्ने,

- सङ्घीय कानुनले तोकेको समयमा गाउँपालिका र नगरपालिकाले प्रत्येक आर्थिक वर्षको सम्बन्धमा गाउसभा वा नगरसभामा राजश्व र व्ययको अनुमान वजेट प्रस्तुत गरी पारित गराउनु पर्ने,
- स्थानीय तह अन्तर्गतका प्रत्येक गाउँपालिका र नगरपालिकामा स्थानीय सञ्चित कोष रहने । उक्त कोषमा गाँउपालिका र नगरपालिकालाई प्राप्त हुने सबै प्रकारको राजस्व र सङ्घीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान र ऋृण रकम र अन्य स्रोतबाट प्राप्त हुने रकम आम्दानी बाँधिन्छ,
- गाउपालिका वा नगरपालिकाले घाटा बजेट निर्माण गर्नुपर्ने भएमा सङ्घीय कानुन र प्रादेशिक कानुन बमोजिम घाटा पूर्ति गर्ने स्रोतको प्रस्ताव पनि गर्नु पर्ने ।

## २२. सङ्घ, प्रदेश र स्थानीय तहबीच अन्तरसम्बन्ध

- सङ्घ, प्रदेश र स्थानीय तह बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने,
- सङ्घीय कानुन नेपाल भर वा कुनै भागमा लागू हुने गरी बनाउन सकिने, प्रादेशिक कानुन प्रदेश भर लागु हुने गरी बनाउन सकिने,
- प्रदेशको अधिकार भित्रको विषयमा २ वा २ भन्दा बढी प्रदेशले कानुन बनाउन सङ्घीय संसदलाई अनुरोध गरेमा सम्बन्धित प्रदेशमा लागु हुने गरी कानुन बनाई दिन सक्छ,
- कुनै प्रदेशले नेपालको राष्ट्रियता, सार्वभौमसत्ता, अखण्डता वा स्वाधीनतामा गम्भिर असर पर्ने किसिमको कार्य गरेमा सङ्घले प्रदेश सरकार र प्रदेश सभा निलम्बन वा विघटन गर्न सक्ने । त्यस्तो निर्णय सङ्घीय संसदको बहुमतबाट पारित भएमा ६ महिना भित्र त्यस्तो प्रदेशमा निर्वाचन हुने,
- कुनै प्रदेशमा सरकार र प्रदेश सभा विघटन भएमा त्यस्तो प्रदेशमा सङ्घीय शासन कायम रहने,
- सङ्घ र प्रदेश बीच तथा प्रदेश प्रदेश बीच उत्पन्न राजनीतिक विवादको समाधान गर्न प्रधानमन्त्रीको अध्यक्षतामा नेपाल सरकारका गृहमन्त्री, अर्थमन्त्री र सम्बन्धित प्रदेशमा मुख्य मन्त्रीहरू रहेको अन्तरप्रादेशिक प्रदेश रहने,
- एक प्रदेशले अर्को प्रदेशसँग साझा चासो र हितको विषयमा सूचना आदान प्रदान गर्ने, परामर्श गर्ने, आफ्नो कार्य र विधायनका बारेमा आपसमा समन्वय गर्न र आपसी सहयोग विस्तार गर्न सक्ने,
- एक प्रदेशले अर्को प्रदेशको बासिन्दालाई आफ्नो प्रदेशको कानुन बमोजिम समान सुरक्षा र सुविधा उपलब्ध गराउनु पर्ने,
- सङ्घ, प्रदेश र स्थानीय तह बीच समन्वय कायम गर्न सङ्घले कानुन बनाउन सक्ने,
- एउटा प्रदेश वा स्थानीय तहबाट अर्को प्रदेश वा स्थानीय तहको क्षेत्रमा वस्तु वा सेवाको आयात निर्यात र कुनै प्रदेश वा स्थानीय तह भई नेपालको अन्य क्षेत्रमा वस्तु वा सेवाको ओसार पसारमा कुनै बाधा अवरोध गर्ने, कर लगाउने वा भेदभाव गर्न नपाइने ।

## २३. संवैधानिक निकायहरू

- हाल कायम अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महालेखापरीक्षक, लोक सेवा आयोग, निर्वाचन आयोग र राष्ट्रिय मानव अधिकार आयोगलाई नयाँ संविधानले निरन्तरता दिएको ।
- नयाँ संविधानको मस्यौदाले प्राकृतिक स्रोत तथा वित्तीय आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग र समावेशी आयोगलाई संवैधानिक निकायको रूपमा स्थापना गरेको ।
- राष्ट्रपतिले संवैधानिक परिषदको सिफारिसमा संवैधानिक निकायमा प्रमुख र पदाधिकारी नियुक्त गर्ने । नियुक्त हुन पूर्व निजहरूको संसदीय सुनुवाई हुने ।
- संवैधानिक निकायले आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्ने र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन सङ्घीय संसद समक्ष पेश गर्न लगाउने । वार्षिक प्रतिवेदनमा खुलाउनु पर्ने कुराहरू कानुन बमोजिम हुने ।

- संवैधानिक निकायका प्रमुख र पदाधिकारी सङ्घीय संसदप्रति उत्तरदायी र जवाफदेही रहनु पर्ने । संवैधानिक निकायको काम कारवाहीहरूको अनुगमन र मूल्याङ्कन प्रतिनिधिसभाको सम्बन्धित समितिबाट हुने ।
- प्रत्येक प्रदेशमा लोक सेवा आयोग रहने । अन्य संवैधानिक निकायको प्रदेशमा कानुनमा व्यवस्था भए बमोजिम शाखा कार्यालय रहन सक्ने ।

## २४. महान्यायाधिवक्ता

- राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा महान्यायाधिवक्ताको नियुक्त गर्ने । महान्यायाधिवक्ता प्रधानमन्त्रीको इच्छानुसारको अवधिसम्म आफ्नो पदमा बहाल रहने,
- सर्वोच्च अदालतको न्यायाधीश हुन सक्ने योग्यता भएको व्यक्ति महान्यायाधिवक्ताको पदमा नियुक्तिको लागि योग्य हुने,
- महान्यायाधिवक्ता नेपाल सरकारको मुख्य कानुनी सल्लाहकार हुने । संवैधानिक एवं कानुनी विषयमा नेपाल सरकार र नेपाल सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिनु महान्यायाधिवक्ताको कर्तव्य हुने,
- नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा निजको मातहतका अधिकृतबाट नेपाल सरकारको प्रतिनिधित्व गरिने,
- नेपाल सरकारको तर्फबाट दायर भएको मुद्दा फिर्ता लिंदा महान्यायाधिवक्ताको राय लिनु पर्ने,
- महान्यायाधिवक्ताको मातहतमा रहने गरी प्रत्येक प्रदेशमा एक मुख्य न्यायाधिवक्ता रहने । मुख्य न्यायाधिवक्ताको नियुक्ति सम्बन्धित मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखबाट हुने । मुख्यन्यायाधिवक्ता मुख्यमन्त्रीको इच्छानुसारको अवधिसम्म आˆनो पदमा बहाल रहने,
- उच्च अदालतको न्यायाधीश हुन सक्ने योग्यता भएको व्यक्ति मुख्यन्यायाधिवक्ताको पदमा नियुक्तिको लागि योग्य हुने,
- मुख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य सल्लाहकार हुने र संवैधानिक एवं कानुनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिनु मुख्यन्यायाधिवक्ताको कर्तव्य हुने ।

## २५. राष्ट्रिय सुरक्षा सम्बन्धी व्यवस्था

- नेपालको समग्र राष्ट्रिय हित, सुरक्षा र प्रतिरक्षा सम्बन्धी नीति तर्जुमा गर्न तथा नेपाली सेनाको परिचालन, नियन्त्रण र व्यवस्थापन गर्नका लागि नेपाल सरकार, मन्त्रिपरिषदलाई सिफारिस गर्न प्रधानमन्त्री अध्यक्ष र नेपाल सरकारको रक्षा मन्त्री, गृह मन्त्री, परराष्ट्र मन्त्री, अर्थ मन्त्री सदस्यहरु रहेको एक राष्ट्रिय सुरक्षा परिषद रहने । रक्षा मन्त्रालयको सचिवले राष्ट्रिय सुरक्षा परिषदको सचिव भई काम गर्ने,
- देशको सार्वभौमसत्ता, अखण्डता, स्वतन्त्रता र राष्ट्रिय एकताको रक्षाका लागि लोकतान्त्रिक सिद्धान्तप्रति प्रतिबद्ध समावेशी नेपाली सेनाको एक सङ्गठन रहने,
- नेपाली सेनामा नेपाली नागरिकको प्रवेश समानता र समावेशी सिद्धान्तको आधारमा कानुन बमोजिम सुनिश्चित गरिने,
- नेपाल सरकारले नेपाली सेनालाई कानुन बमोजिम विकास निर्माण र विपद व्यवस्थापन लगायतका अन्य कार्यमा समेत परिचालन गर्न सक्ने,
- राष्ट्रपति नेपाली सेनाको परमाधिपति हुने र निजले कानुन बमोजिम प्रधानसेनापतिको नियुक्ति र पदमुक्ति गर्ने,
- विपद व्यवस्थापन बाहेक अन्यमा सेना परिचालन गर्ने नेपाल सरकारबाट निर्णय भएमा त्यस्तो निर्णय भएको मितिले एक महीना भित्र सङ्घीय संसदको विशेष सुरक्षा समितिमा प्रस्तुत भई अनुमोदन हुनु पर्ने,

- सङ्घमा नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय गुप्तचर तथा अनुसन्धानका सङ्गठन रहने । प्रत्येक प्रदेशमा छुट्टै प्रहरी सङ्गठन रहने ।

## २६. राजनीतिक दल सम्बन्धी व्यवस्था

- कानुनको अधीनमा रही राजनीतिक दल गठन गरी सञ्चालन गर्न र दलको विचारधारा, दर्शन र कार्यक्रमप्रति जनसाधारणको समर्थन र सहयोग प्राप्त गर्नको लागि त्यसको प्रचार-प्रसार गर्न, गराउन वा सो प्रयोजनको लागि अन्य आवश्यक काम गर्न सक्ने,
- निर्वाचन आयोगमा दल दर्ता गराउने प्रयोजनको लागि निवेदन पेश गर्दा सम्बन्धित राजनीतिक दलको विधान र वार्षिक लेखापरीक्षण प्रतिवेदनका अतिरिक्त कानुन बमोजिमका अन्य कागजात पेश गर्नु पर्ने,
- कुनै राजनीतिक दलको नाम, उद्देश्य, चिन्ह वा झण्डा देशको धार्मिक वा साम्प्रदायिक एकतामा खलल पार्ने वा देशलाई विखण्डित गर्ने प्रकृतिको रहेछ भने त्यस्तो राजनीतिक दल दर्ता नहुने,
- प्रदेशमा समेत कानुन बमोजिम राजनीतिक दल स्थापना, दर्ता र सञ्चालन हुन सक्ने,
- कुनै एउटै राजनीतिक दल वा एकै किसिमको राजनीतिक विचारधारा, दर्शन वा कार्यक्रम भएका व्यक्तिहरूले मात्र निर्वाचन, देशको राजनीतिक प्रणाली वा राज्य व्यवस्था सञ्चालनमा भाग लिन पाउने वा सम्मिलित हुन पाउने गरी बनाइएको कानुन वा गरिएको कुनै व्यवस्था वा निर्णय यो संविधानको प्रतिकूल मानिनेछ र स्वतः अमान्य हुने,
- निर्वाचनको प्रयोजनको लागि निर्वाचन आयोगबाट मान्यता प्राप्त गर्न चाहने दर्ता भएको प्रत्येक राजनीतिक दलले कानुन बमोजिमको कार्यविधि पूरा गरी निर्वाचन आयोगमा दर्ता गराउनु पर्ने ।

## २७. सङ्कटकालीन अवस्थाको घोषणा

- नेपालको सार्वभौमसत्ता, अखण्डता वा कुनै भागको सुरक्षामा युद्ध, बाह्य आक्रमण, सशस्त्र विद्रोह, चरम आर्थिक विशृङ्खलता, प्राकृतिक विपद् वा महामारीको कारणले गम्भीर सङ्कट उत्पन्न भएमा राष्ट्रपतिले नेपालभर वा नेपालको कुनै खास क्षेत्रमा लागू हुने गरी सङ्कटकालीन अवस्थाको घोषणा गर्न वा आदेश जारी गर्न सक्ने,
- कुनै प्रदेशमा प्राकृतिक विपद् वा महामारीको कारणले सङ्कटकालीन अवस्थाको घोषणा वा आदेश जारी गर्न गर्ने भएमा सोको को लागि सङ्घीय सरकारलाई अनुरोध गर्न सक्ने,
- सङ्कटकालीन अवस्थाका घोषणा वा आदेश भएको मितिले एक महीनाभित्र अनुमोदनको लागि सङ्घीय संसदका दुवै सदनमा पेश गरिने,
- अनुमोदनको लागि पेश भएको घोषणा वा आदेश सङ्घीय संसदका दुबै सदनमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुई तिहाइ बहुमतले अनुमोदन गरेमा त्यस्तो घोषणा वा आदेश भएको मितिले तीन महीनासम्म कायम रहने । एकपटक तीन महिनाको लागि सङ्घीय संसदको दुई तिहाइ बहुमतले प्रस्ताव पारित गरी बढाउन सक्ने,
- सङ्कटकालीन अवस्थाको घोषणा निवारण गर्न राष्ट्रपतिले आवश्यक आदेश जारी गर्न सक्ने,
- सङ्कटकालीन अवस्थाको घोषणा वा आदेश जारी गर्दा त्यस्तो सो घोषणा वा आदेश बहाल रहेसम्मको लागि भाग-३ मा व्यवस्था भएका मौलिक हकमध्ये केही मौलिक हक निलम्बन गर्न सकिने ।

## २८. संविधान संशोधन

- नेपालको स्वाधीनता, सार्वभौमिकता, भौगोलिक अखण्डता, जनतामा निहित सार्वभौमसत्ताको प्रतिकूल हुने गरी यो संविधान संशोधन गर्न नसकिने,
- उल्लिखित विषय बाहेक संविधानको कुनै धारालाई संशोधन वा खारेज गर्ने विधेयक सङ्घीय संसदमा पेश गर्न सकिने,

- संविधान संशोधन विधेयक सम्बन्धित सदनमा प्रस्तुत भएको तीस दिनभित्र सार्वजनिक रूपमा प्रकाशन गर्नु पर्ने,
- संविधान संशोधन विधेयक कुनै प्रदेशको सीमाना परिवर्तन वा प्रदेशको अधिकारको विषयसँग सम्बन्धित भएमा त्यस्तो विधेयक सङ्घीय संसदमा प्रस्तुत भएको तीस दिनभित्र सम्बन्धित सदनको सभामुख वा अध्यक्षले सहमतिका लागि प्रदेश सभामा पठाउनु पर्ने,
- त्यसरी पठाइएको विधेयक तीन महिनाभित्र सम्बन्धित प्रदेश सभाका तत्काल कायम रहेका सम्पूर्ण सदस्यहरूको बहुमतबाट स्वीकृत वा अस्वीकृत गरी सोको जानकारी सङ्घीय संसद्मा पठाउनु पर्ने,
- बहुसंख्यक प्रदेश सभाले संविधान संशोधन विधेयक अस्वीकृत गरेको सूचना सङ्घीय संसद्को सम्बन्धित सदनलाई दिएमा त्यस्तो विधेयक निष्कृय हुने,
- प्रदेश सभाको सहमति आवश्यक नपर्ने वा बहुसंख्यक प्रदेश सभाबाट स्वीकृत भई आएको विधेयक सङ्घीय संसद्का दुबै सदनमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुई तिहाई बहुमतबाट पारित गर्नु पर्ने । पारित भएको विधेयक प्रमाणीकरणका लागि राष्ट्रपति समक्ष पेश गरिने । राष्ट्रपतिले १५ दिन भित्र प्रमाणीकरण गर्ने ।

## २९. विविध

- राष्ट्रिय महत्वको कुनै विषयमा जनमत सङ्ग्रहबाट निर्णय गर्न आवश्यक छ भनी सङ्घीय संसदमा तत्काल कायम रहेका सम्पूर्ण सदस्यहरूको दुई तिहाइ सदस्यको बहुमतबाट निर्णय भएमा त्यस्तो विषयमा जनमत संग्रहबाट निर्णय लिन सकिने,
- राष्ट्रपतिले कुनै अदालत, न्यायिक वा अर्धन्यायिक निकाय वा प्रशासकीय पदाधिकारी वा निकायले गरेको सजायलाई कानुन बमोजिम माफी, मुल्तवी, परिवर्तन वा कम गर्न सक्ने,
- राष्ट्रपतिले नेपालको तर्फबाट प्रदान गरिने उपाधि, सम्मान र विभूषणहरु प्रदान गर्ने,
- राष्ट्रपति र उपराष्ट्रपतिको पद एकसाथ रिक्त भएमा यस संविधान बमोजिम राष्ट्रपतिबाट गरिने कार्य प्रधानमन्त्रीले सम्पादन गर्ने,
- राष्ट्रपतिले समावेशी सिद्धान्तको आधारमा नेपाली राजदूत र कुनै खास प्रयोजनको लागि विशेष प्रतिनिधि नियुक्त गर्न सक्ने,
- नेपाल सरकारले देशको प्रशासन सञ्चालन गर्न निजामती सेवा, न्याय सेवा र आवश्यकता अनुसार अन्य सेवाहरूको गठन गर्न सक्ने । त्यस्ता सेवाहरूको गठन, सञ्चालन र सेवाका शर्त ऐन बमोजिम हुने । प्रदेश, गाउँपालिका र नगरपालिकाले आफ्नो प्रशासन सञ्चालन गर्न आवश्यकता अनुसार कानुन बमोजिम विभिन्न सरकारी सेवाहरूको गठन र सञ्चालन गर्न सक्ने,
- राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधान न्यायाधीश, प्रतिनिधिसभाका सभाभुख, राष्ट्रिय सभाका अध्यक्ष, प्रदेश प्रमुख, मुख्यमन्त्री, प्रदेश सभाको सभामुख र सुरक्षा निकायका प्रमुखको पदमा निर्वाचित, मनोनीत वा नियुक्ति हुन वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गरेको हुनु पर्ने,
- अन्य पदमा अंगिकृत नागरिकले नागरिकता लिएको १० वर्ष, विवाहको आधारमा अंगिकृत नागरिकता पाउने महिलाले नागरिकता लिएको ५ वर्ष र पुनः नागरिकता प्राप्त व्यक्तिले नागरिकता लिएको ५ वर्ष पछि मात्र नियुक्त हुन सक्ने,
- **अन्तर्राष्ट्रिय सन्धि वा सम्झौताः** सन्धि वा सम्झौता गर्ने अधिकार सङ्घमा निहित रहने । नेपालको प्रादेशिक अखण्डतामा प्रतिकूल असर पर्ने गरी कुनै सन्धि वा सम्झौता नगरिने, शान्ति र मैत्री, सुरक्षा एवं सामरिक सम्बन्ध, नेपाल राज्यको सीमाना, र प्राकृतिक स्रोत तथा त्यसको उपयोगको बाँडफाँट सम्बन्धी सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन सङ्घीय संसदका दुबै सदनमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको दुई तिहाइ बहुमतले गर्नुपर्ने शर्त राखिने,
- **संवैधानिक परिषदः** प्रधान न्यायाधीश र संवैधानिक निकायका प्रमुख र पदाधिकारीहरूको नियुक्तिको सिफारिस गर्न देहाय बमोजिमका प्रधानमन्त्री अध्यक्ष र प्रधान न्यायाधीश, प्रतिनिधिसभाको सभामुख, राष्ट्रिय

सभाको अध्यक्ष, प्रतिनिधिसभाको विपक्षी दलको नेता र मन्त्रिपरिषदले मनोनयन गरेको एक जना महिला सदस्य रहेको एक संवैधानिक परिषद रहने,

- **भाषा आयोग**ः यो संविधान प्रारम्भ भएको मितिले एक वर्षभित्र नेपाल सरकारले प्रदेशहरूको प्रतिनिधित्व हुने गरी अध्यक्ष र सदस्यहरू रहेको एक भाषा आयोगको स्थापना हुने । आयोगले सरकारी कामकाजको भाषाका रूपमा मान्यता पाउन पूरा गर्नुपर्ने आधारहरूको निर्धारण गर्ने, भाषाहरूको संरक्षण, संवर्धन र विकासका लागि अवलम्बन गर्नुपर्ने उपायहरू र मातृभाषाहरूको विकासको स्तर मापन गरी शिक्षामा प्रयोगको सम्भाव्यताका बारेमा नेपाल सरकार समक्ष सुझाव पेश गर्ने काम समेत गर्नेछ,
- **निर्वाचन क्षेत्र निर्धारण आयोग**ः सङ्घीय संसद, प्रदेश सभा, गाउँसभा र नगरसभाको निर्वाचन गर्ने प्रयोजनको लागि निर्वाचन क्षेत्र निर्धारण गर्न नेपाल सरकारले एक ५ सदस्यीय आयोग गठन गर्ने । उक्त आयोगले निर्वाचन क्षेत्र निर्धारण गर्दा भूगोल र जनसंख्यालाई प्रतिनिधित्वको आधार मानी त्यस्तो निर्वाचन क्षेत्रको भूगोल, जनसंख्या र सदस्य संख्या बीचको अनुपात यथासम्भव समान हुने गरी निर्धारण गर्ने ।

## ३०. सङ्क्रमणकालीन व्यवस्था

- संविधानसभा यो संविधान प्रारम्भ भएपछि स्वतः व्यवस्थापिका–संसदमा रूपान्तरण हुने,
- यो संविधान प्रारम्भ हुँदाका बखत व्यवस्थापिका–संसदको अधिवेशन चलिरहेको रहेनछ भने राष्ट्रपतिले यो संविधान प्रारम्भ भएको मितिले सात दिनभित्र व्यवस्थापिका–संसदको अधिवेशन आव्हान गर्ने,
- त्यसरी व्यवस्थापिका–संसदको अधिवेशन आव्हान भएको मितिले एक महिनाभित्र व्यवस्थापिका–संसदमा तत्काल कायम रहेका सम्पूर्ण सदस्यको बहुमतद्वारा राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन सम्पन्न गर्नु पर्ने,
- त्यसरी व्यवस्थापिका–संसदको अधिवेशन प्रारम्भ भएको मितिले सात दिनभित्र प्रधानमन्त्रीको निर्वाचन सम्पन्न गरी निजको अध्यक्षतामा मन्त्रिपरिषदको गठन हुने ।
- त्यसरी व्यवस्थापिका–संसदको अधिवेशन प्रारम्भ भएको मितिले बीस दिनभित्र व्यवस्थापिका संसदका सभामुख र उपसभामुखको निर्वाचन गरिने ।
- यो संविधान प्रारम्भ हुँदाका बखत कायम रहेका सर्वोच्च अदालत, संविधानसभा अदालत, पुनरावेदन अदालत र जिल्ला अदालतहरु यस संविधान बमोजिमको न्यायपालिकाको संरचना तयार नभएसम्म कायम रहने,
- यो संविधान प्रारम्भ हुँदाका बखत कायम रहेका संवैधानिक निकाय र पदाधिकारीमध्ये यो संविधानमा उल्लेख नगरिएका संवैधानिक निकाय र पदाधिकारी यस संविधान प्रारम्भ भएपछि कायम नरहने,
- यो संविधान प्रारम्भ हुँदाका बखत कायम रहेका स्थानीय निकायहरू यो संविधान बमोजिम स्थानीय तहको संख्या र क्षेत्र निर्धारण नभएसम्म कायम रहने । त्यसरी कायम रहेका स्थानीय निकायहरूको निर्वाचन हुने,
- यो संविधान प्रारम्भ हुँदाका बखत कायम रहेका नेपाल कानुन खारेज वा संशोधन नभएसम्म लागू रहने । तर यो संविधानसँग बाझिएको कानुन यो संविधान बमोजिमको सङ्घीय संसदको पहिलो अधिवेशन बसेको मितिले एक वर्षपछि बाझिएको हदसम्म स्वतः अमान्य हुने ।

## सङ्घको अधिकारको सूची

| क्र.सं | विषयहरू |
|---|---|
| १ | रक्षा र सेना सम्बन्धी<br>(क) राष्ट्रिय एकता र भौगोलिक अखण्डताको संरक्षण<br>(ख) राष्ट्रिय सुरक्षा सम्बन्धी |
| २ | केन्द्रीय प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय गुप्तचर तथा अनुसन्धान, शान्ति सुरक्षा |
| ३ | केन्द्रीय योजना, केन्द्रीय बैंक, वित्तीय नीति, मुद्रा र बैंकिङ, मौद्रिक नीति, विदेशी अनुदान, सहयोग र ऋण |
| ४ | दूर सञ्चार नियमन र नियन्त्रण, केन्द्रीय दूर सञ्चार, रेडियो फ्रिक्वेन्सीको बाँडफाँट, टेलिभिजन र हुलाक |
| ५ | भन्सार, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, संस्थागत आयकर, व्यक्तिगत आयकर, राहदानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर, सेवा शुल्क दस्तुर, दण्ड जरिवाना |
| ६ | प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी |
| ७ | सङ्घीय निजामती सेवा, न्याय सेवा र अन्य सरकारी सेवा |
| ८ | केन्द्रीय तथ्याङ्क (राष्ट्रिय र अन्तर्राष्ट्रिय मानक र गुणस्तर) |
| ९ | केन्द्रीय स्तरका ठूला विद्युत, सिंचाई र अन्य आयोजना तथा परियोजना |
| १० | केन्द्रीय विश्वविद्यालय, विश्वविद्यालय मापदण्ड र नियमन, केन्द्रीय पुस्तकालय |
| ११ | केन्द्रीय स्वास्थ्य नीति, (स्वास्थ्य मापदण्ड, गुणस्तर र अनुगमन, राष्ट्रिय/विशिष्ट सेवा प्रदायक अस्पताल, परम्परागत उपचार सेवा, सरूवा रोग नियन्त्रण) |
| १२ | सङ्घीय संसद, सङ्घीय कार्यपालिका, स्थानीय तह सम्बन्धी मामिला |
| १३ | अन्तर्राष्ट्रिय व्यापार, विनिमय, बन्दरगाह, क्वारेन्टाइन |
| १४ | अन्तर्राष्ट्रिय तथा अन्तरराज्य हवाई उड्डयन, अन्तर्राष्ट्रिय विमानस्थल |
| १५ | परराष्ट्र तथा कूटनीतिक मामिला, अन्तर्राष्ट्रिय सम्बन्ध र संयुक्त राष्ट्र सङ्घ सम्बन्धी |
| १६ | अन्तर्राष्ट्रिय सन्धि सम्झौता, सुपुर्दगी, पारस्परिक कानुनी सहायता र अन्तर्राष्ट्रिय सीमा व्यवस्थापन |
| १७ | राष्ट्रिय रेल तथा राष्ट्रिय लोकमार्गको व्यवस्थापन |
| १८ | सर्वोच्च अदालत, संवैधानिक अदालत, उच्च अदालत, जिल्ला अदालत तथा न्याय प्रशासन सम्बन्धी कानुन |
| १९ | नागरिकता, राहदानी, भिसा, अध्यागमन |
| २० | आणविक ऊर्जा, वायुमण्डल र अन्तरिक्ष सम्बन्धी |
| २१ | बौद्धिक सम्पत्ति (पेटेन्ट, डिजाइन, प्रतिलिपि अधिकार समेत) |
| २२ | युद्ध र प्रतिरक्षा |
| २३ | हातहतियार, खरखजाना कारखाना तथा उत्पादन सम्बन्धी |
| २४ | नाप - तौल |
| २५ | खानी उत्खनन |
| २६ | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यावरण व्यवस्थापन |
| २७ | वीमा नीति |
| २८ | फौजदारी, देवानी कानुनको निर्माण |

| क्र.सं | विषयहरू |
|---|---|
| २८ | क्यासिनो तथा कार्बन सेवा |
| ३० | संवैधानिक निकायहरू लगायत केन्द्रीय महत्वका आयोगहरू |
| ३१ | सङ्घ, प्रदेश, र स्थानीय तहको अधिकारको सूचीमा वा साझा सूचीमा उल्लेख नभएको कुनै विषयमा तथा यो संविधान तथा कानुनमा नतोकिएको विषय |

## प्रदेशको अधिकारको सूची

| क्र.सं | विषयहरू |
|---|---|
| १ | प्रादेशिक प्रहरी प्रशासन र शान्ति सुरक्षा |
| २ | बैंक तथा वित्तीय संस्था, सहकारी संस्था, केन्द्रको सहमतिमा वैदेशिक अनुदान र सहयोग |
| ३ | रेडियो, एफ. एम, टेलिभिजन |
| ४ | पारिश्रमिक कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, अन्तःशुल्क, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन, कृषि आयमा कर, सेवा शुल्क दस्तुर, दण्ड जरिवाना |
| ५ | प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी |
| ६ | प्रादेशिक निजामती सेवा, न्याय सेवा र अन्य सरकारी सेवा |
| ७ | प्रादेशिक तथ्याङ्क |
| ८ | प्रदेशस्तरका विद्युत्, सिंचाइ आयोजना एवं अन्य आयोजना तथा परियोजना |
| ९ | प्रदेशस्तरका विश्वविद्यालय, उच्च शिक्षा, पुस्तकालय, संग्रहालय |
| १० | स्वास्थ्य सेवा |
| ११ | प्रदेश सभा, प्रादेशिक मन्त्रिपरिषद र विशेष संरचना सम्बन्धी |
| १२ | प्रदेशभित्रको व्यापार |
| १३ | प्रादेशिक हवाई सेवा |
| १४ | प्रादेशिक रेलवे र प्रादेशिक लोकमार्ग |
| १५ | प्रादेशिक अनुसन्धान ब्युरो |
| १६ | प्रादेशिक विद्युत् आयोजना, सिंचाई आयोजना |
| १७ | प्रदेशभित्रका सरकारी कार्यालयहरूको भौतिक व्यवस्थापन र अन्य आवश्यक विषय |
| १८ | प्रादेशिक लोक सेवा आयोग |
| १९ | भूमि व्यवस्थापन, जग्गाको अभिलेख र मालपोत सङ्कलन |

| क्र.सं | विषयहरू |
|---|---|
| २० | खानी अन्वेषण र व्यवस्थापन |
| २१ | वीमा व्यवस्थापन र सञ्चालन |
| २२ | भाषा, संस्कृति, लिपि र धर्मको संरक्षण र प्रयोग |
| २३ | प्रदेशभित्रको वन जङ्गल, जल उपयोग तथा पर्यावरण व्यवस्थापन |
| २४ | कृषि तथा पशु विकास, कलकारखाना, औद्योगिकीकरण, व्यापार व्यवसाय, यातायात, मदिरा तथा पेय पदार्थ उत्पादन, निर्माण खरीद-बिक्री |
| २५ | पुस्तक तथा छापाखाना |
| २६ | गुठी व्यवस्थापन |

## सङ्घ र प्रदेशको साझा अधिकारको सूची

| क्र.स. | विषयहरू |
|---|---|
| १ | फौजदारी तथा देवानी कार्यविधि र प्रमाण र शपथ (कानुनी मान्यता, सार्वजनिक कार्य र अभिलेख र न्यायिक प्रक्रिया) |
| २ | आवश्यक वस्तु तथा सेवाको आपूर्ति, वितरण, मूल्य नियन्त्रण, गुणस्तर र अनुगमन |
| ३ | देशको सुरक्षासँग सम्बन्धित विषयमा निवारक नजरबन्द, कारागार तथा हिरासत व्यवस्थापन र शान्ति सुरक्षाको व्यवस्था |
| ४ | एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा र कैदीको स्थानान्तरण |
| ५ | पारिवारिक मामिला (विवाह, सम्पत्ति हस्तान्तरण, सम्बन्ध विच्छेद, लोपोन्मुख, टुहुरा, धर्मपुत्र, उत्तराधिकार र संयुक्त परिवार) सम्बन्धी कानुन |
| ६ | सम्पत्ति प्राप्ति, अधिग्रहण र अधिकारको सृजना |
| ७ | करार, सहकारी, साझेदारी र एजेन्सी सम्बन्धी |
| ८ | टाट पल्टेको र दामासाही सम्बन्धी |
| ९ | औषधि र विषादि |
| १० | योजना, परिवार नियोजन र जनसंख्या नियन्त्रण |
| ११ | सामाजिक सुरक्षा र रोजगारी, ट्रेड युनियन, औद्योगिक विवाद, मजदूरका हक, अधिकार र विवाद सम्बन्धी कार्य |
| १२ | चिकित्सा, कानुन व्यवसायी र अन्य पेशा |
| १३ | व्यक्तिगत घटना, तथ्याङ्क, जन्म, मृत्यु दर्ता |

| क्र.स. | विषयहरू |
|---|---|
| १४ | जलमार्ग, वातावरण संरक्षण, जैविक विविधता |
| १५ | सञ्चार माध्यम सम्बन्धी |
| १६ | पुरातत्व, प्राचीन स्मारक र संग्रहालय संरक्षण सम्बन्धी |
| १७ | उद्योग तथा खनिज र भौतिक पूर्वाधार |
| १८ | क्यासिनो, चिठ्ठा, सवारी साधन अनुमति |
| १९ | प्राकृतिक तथा गैर प्राकृतिक विपद पूर्व तयारी, उद्धार तथा राहत र पुनर्लाभ |
| २० | पर्यटन, खानेपानी तथा सरसफाइ |
| २१ | चलचित्र, सिनेमा हल, खेलकूद |
| २२ | वीमा |
| २३ | गरीबी निवारण र औद्योगिकीकरण |
| २४ | वैज्ञानिक अनुसन्धान, विज्ञान प्रविधि र मानव संसाधन विकास |
| २५ | अन्तरप्रादेशिक रूपमा फैलिएको जङ्गल, जङ्गली जनावर, चराचुरूङ्गी, हिमाल, राष्ट्रिय निकुञ्ज तथा जल उपयोग |
| २६ | भूमि नीति र सो सम्बन्धी कानुन |

## स्थानीय तहको अधिकारको सूची

| क्र. सं. | विषयहरू |
|---|---|
| १ | नगर प्रहरी, सामुदायिक प्रहरी |
| २ | सहकारी संस्था |
| ३ | एफ. एम सञ्चालन |
| ४ | स्थानीय कर (सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर), सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर |
| ५ | प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी |
| ६ | स्थानीय सेवाको व्यवस्थापन |
| ७ | स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन |
| ८ | स्थानीयस्तरका विकास आयोजना तथा परियोजनाहरू |
| ९ | प्राथमिक र माध्यमिक शिक्षा |
| १० | आधारभूत स्वास्थ्य र सरसफाइ |
| ११ | स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता |

| क्र. सं. | विषयहरू |
|---|---|
| १२ | स्थानीय सडक/ग्रामीण सडक/कृषि सडक/सिंचाई |
| १३ | गाउँ सभा, नगर सभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन |
| १४ | स्थानीय अभिलेख व्यवस्थापन |
| १५ | घर जग्गा धनी पुर्जा वितरण |
| १६ | कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी |
| १७ | ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन |
| १८ | बेरोजगारको तथ्याङ्क सङ्कलन |
| १९ | कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण |
| २० | व्यक्तिगत घटना, जन्म, विवाह, मृत्यु दर्ता |
| २१ | खानेपानी, साना जलविद्युत आयोजना (वैकल्पिक ऊर्जा) |
| २२ | विपद् व्यवस्थापन |
| २३ | जलाधार, सिमसार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण |
| २४ | भाषा संस्कृतिको संरक्षण र विकास |

**संविधानको प्रारम्भिक मस्यौदामा समावेश गर्नका लागि विभिन्न समुदायको सुझावहरू सरोकारवालाहरूको जानकारीको लागि वितरण गरिएको छ ।**

- जनजाति समुदायको प्रस्ताव
- दलित समुदायको प्रस्ताव
- मुस्लिम समयदायको प्रस्ताव

## नेपालको संविधान, २०७२ प्रारम्भिक मस्यौदामा फरक मत प्रस्ताव

## जनजाति समुदायको प्रस्ताव

| क्र.सं | शिर्षक | भाग, धारा/उपधारा | मस्यौदा | फरक मत | फरक मतको औचित्य |
|---|---|---|---|---|---|
| १ | प्रस्तावना | अंतिम अनुच्छेद | संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न संविधानसभा मार्फत यो संविधान जारी भएको घोषणा गर्दछौं । | संघीय **धर्मनिरपेक्ष** लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न संविधानसभा मार्फत यो संविधान जारी भएको घोषणा गर्दछौं । | धर्मनिरपेक्ष जस्तो महत्वपूर्ण विषयलाई प्रस्तावना मै राख्न लाई |
| २ | प्रारम्भिक | १:४:१ | नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्तासम्पन्न, धर्मनिरपेक्ष, समावेशी लोकतन्त्रात्मक, समाजवाद उन्मुख, गणतन्त्रात्मक, बहुजातीय राज्य हो, जसलाई संक्षेपमा नेपाल भनिनेछ । | नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्तासम्पन्न, धर्मनिरपेक्ष, **संघीय**, समावेशी लोकतन्त्रात्मक, समाजवाद उन्मुख, गणतन्त्रात्मक, बहुजातीय राज्य हो, जसलाई संक्षेपमा नेपाल भनिनेछ । | नेपाली राज्यको चिनारीमा संघीय भनेर उल्लेख गर्नु आवश्यक छ । |
| ३ | प्रारम्भिक | १.७.२ | नेपाली भाषाको अतिरिक्त प्रदेशले आफ्नो प्रदेशभित्र बहुसंख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषालाई कानुन बमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्नेछ । | नेपाली भाषाको अतिरिक्त प्रदेश, **स्थानीय सरकार र स्वायत्त क्षेत्रमासरकारी कामकाजको भाषाको लागि बहुभाषा नीति हुने र त्यसमा कुन कुन भाषा हुने कुरा सम्बन्धित प्रादेश, स्थानीय सरकार र स्वायत्त क्षेत्रको व्यवस्थापिकाले कानन बनाई निर्धारण गर्ने छ ।** | प्रदेशको संख्या ८ किटान भएको अवस्थामा बन्न जाने प्राय प्रदेशमा नेपालीको अतिरिक्त अन्य दुई वा दुई भन्दा बढी भाषाभाषिहरूको संख्या धेरै हुने देखिन्छ । यो कुरा नगरपालिकाको हकमा पनि लागु हन्छ र गाउँपालिकाको आकार हालको भन्दा ठूलो हुन जाने कुरालाई पनि मध्यनजर राख्नु पर्ने हुन्छ । |
| ३ | प्रारम्भिक | १:९:घ | नेपालको .... हुनेछ । | नेपालको .... राष्ट्रिय जनावर **एक सिङ्गे गैंडा** ... हुनेछ । | |
| ४. | मौलिक हक र कर्तव्य | २१(१) | सम्मानपूर्वक बाँच्न पाउने हकः प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ । | सम्मानपूर्वक बाँच्न पाउने हकः प्रत्येक व्यक्ति **तथा जाति वा समुदाय**लाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ । | व्यक्ति मात्र होइन जाति वा समुदायले सम्मान पूर्वक वाँच्न पाउने हक उसको नैसर्गिक हक हो । जातीय विभेदको अनुभव भएको मुलुकको लागि यो हक विशेषरूपमा जरूरी छ । |
| ५. | मौलिक हक र कर्तव्य | २२(१)(घ) | स्वतन्त्रताकाहकः संघ र संस्था खोल्ने स्वतन्त्रता, | स्वतन्त्रताको हकः संघ र संस्था खोल्ने **तथा परम्परागत एवं प्रतिनिधिमूलक संस्था संचालन गर्न पाउने** स्वतन्त्रता, | पम्परागत एवं प्रतिनिधिमूलक संस्था संस्कृति र स्वशासनका अभिन्न अंग भएकाले अन्तर्राष्ट्रिय कानूनहरूको मान्यता अनुरुप यस्तो संस्था संचालन गर्ने हक हरेक समुदायलाई सुनिश्चित गर्न जरूरी छ । |
| ६ | समानताको हक | ३:२३:३ | तर आर्थिक रूपले विपन्न, सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारू, किसान, मजदूर, उत्पीडित वर्ग, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, लोपोन्मुख समुदाय, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, अशक्त वा असहाय र पिछडिएको क्षेत्रको नागरिकको संरक्षण, | **(क) सामाजिक,आर्थिक विपन्न वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू , अल्पसंख्यक, सीमान्तीकृत, लोपोन्मुख समुदाय संरक्षण, सशक्तीकरण र विकासको लागि कानुन बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन ।**<br>**(ख) अन्य विभिन्न कारणले पिछडिएका किसान, मजदूर, उत्पीडित वर्ग, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, अशक्त वा असहाय र पिछडिएको क्षेत्रको नागरिकको संरक्षण, सशक्तीकरण वा विकासको लागि कानुन बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन ।** | सामाजिक सांस्कृतिक कारणले पिछडिएका र अन्य कारणले बहिष्करणमा परेकाको बर्गिकरण गर्दा नीति निर्माणमा स्पस्तता र सहजता हुने । साथै पिछडिएको क्षेत्रको नागरिक भनेर उल्लेख गरेपछि खस आर्यलाई यस वर्गमा राख्न आवश्यक देखिन्दैन। |

| क्र.सं | शिर्षक | भाग, धारा/उपधारा | मस्यौदा | फरक मत | फरक मतको औचित्य |
|---|---|---|---|---|---|
| | | | सशक्तीकरण वा विकासको लागि कानुन बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन । | | |
| ७. | | २५ | न्यायसम्बन्धीहक | उपधारा थप हुनुपर्ने<br>**(११) कुनै पनि व्यक्ति तथा समुदायको न्यायिक हक संरक्षित हुनेछ । आदिवासी जनजातिहरूलाई यस संविधान तथा अन्तर्राष्ट्रिय कानूनको मापदण्ड अनुरूप आफ्नो न्यायिक संस्था र प्रथाजनित कानूनको अभ्यास गर्ने हक हुनेछ ।**<br>**न्यायिक, अर्धन्यायिक वा प्रशासनिक निकायहरूको कार्यक्षेत्रमा आदिवासी जनजातिहरूको प्रथाजनित कानूनको अन्तर्राष्ट्रिय कानूनको मापदण्ड अनुरूप मान्यता हुनेछ ।** | सबै क्षेत्रका आदिवासी जानजाति समूदाय र सदस्यहरूलाई सहज न्यायिक पहुँचलाई सुनिश्चित गर्न, सामाजिक न्याय प्रदान गरी समाजमा दीगो शान्ति र मेलमिलाप कायम गर्न यो प्रावधान थप गरिएको हो । |
| ८ | | २६ | अपराध पीडितको हकः | **अपराध पीडितको हकः**<br>उपधारा थप हुनुपर्ने<br>**(३) मातृभाषि समुदायका पीडित र अभियुक्तलाई मातृभाषामा मुद्दाको अनुसन्धान, तहकीकात तथा कारबाही सम्बन्धी जानकारी पाउने हक हुने छ ।** | भाषा नबुझ्ने भएकै कारण स्वच्छ सुनुवाई तथा निश्पक्ष न्यायबाट कसैलाई पनि वञ्चित नगर्न, न्यायकर्तालाई न्यायीक मनको प्रयोग गर्ने वातावरण बनाउन र मुद्दा मामिला तथा विवादमा निर्णय मात्र नगरी न्याय गर्नलाई सहयोग पुऱ्याउन यो व्यवस्था जरूरी देखिन्छ । |
| ९ | | ३० | सम्पत्तिको हकः | उपधारा ४ मा थप व्यवस्था<br>**आदिवासी जनजातिले भोगी चर्चि आएका वा उनीहरूको पहुँच भित्र रहेका जग्गा जमिन भने राज्यले अधिग्रहण गर्दा उनीहरूको स्वतन्त्र, पूर्व जानकारी सहितको सहमति लिने छ ।** | सामाजिका न्याय स्थापित गर्न र नेपालले अनुमोदन गरेको अन्तर्राष्ट्रिय महासन्धि तथा अनुवन्धहरूको व्यवस्थाको अनुपालन गर्न यो थप प्रावधान जरूरी छ । |
| १० | | ३१ | धार्मिक स्वतन्त्रताको हकः | उपधारा थप हुनुपर्ने<br>**(४) राज्यले कुनै एक धर्मलाई मात्र प्रत्यक्ष वा अप्रत्यक्षरूपबाट विशेष संरक्षण गर्ने कार्य गर्ने छैन ।** | धर्मनिरपेक्षताको मर्म अनुरूप राज्य संचालन गर्न जरूरी भएकोले यो थप प्रावधान आवश्यक छ । |
| ११ | | ३२ | सूचनाको हकः | थप हुनुपर्ने प्रावधान<br>**(२) मातृभाषिहरूलाई सार्वजनिक सरोकार र महत्वका सूचना मातृभाषामा प्राप्त गर्ने हक हुने छ ।** | सरकारी काम काजको भाषामा मात्र सूचना प्राप्त गर्ने व्यवस्थाले मातृभाषि समुदायलाई सूचनाबाट वञ्चित गर्ने हुँदा मातृभाषिहरूको सूचनामा पहुँच बढाउन यो व्यवस्था जरूरी छ । |
| १२ | | ३४ | शोषण विरूद्धको हकः<br>(२)धर्म, प्रथा, परम्परा, संस्कार,प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमले शोषण गर्न पाइने छैन । | शोषणविरूद्धको हकः<br>(२)धर्म, प्रथा, परम्परा, संस्कार, **प्रचलनको नाममा वा वर्ण, वर्ग, लिंग, जाति, भाषा, धर्म र अन्य कुनै आधारमा कुनै पनि किसिमले कसैलाई पनि** शोषण गर्न पाइने छैन । | वर्ण, वर्ग, लिंग, जाति, भाषा, धर्मको आधारमा हुने स्वशणलाई अन्त गर्न जरूरी भएकोले यो यपदफा परिमार्जन गर्न जरूरी छ । |
| १३ | | ३५ | स्वच्छ वातावरणको हक | उपधारा थप गर्नुपर्ने<br>**(४)आदिवासी जनजातिलाई आफनो भूमि तथा बसोबास क्षेत्रको वातावरण संरक्षण, संवर्धन, व्यवस्थापन, उपयोग र उपभोग गर्ने हक हुने छ ।** | आदिवासी जनजातिहरू मुलतः प्राकृतिक स्रोत साधनहरूमा निर्भर रहने र सीमान्त भूक्षेत्रमा रहने गरेको र वातावरण विनास तथा प्राकृतिक प्रकोपको बढी मारमा पर्ने गरेको र अन्तर्राष्टिय अनुबन्धहरूको व्यवस्था अनुसार पनि वातावरण संरक्षण, संवर्धन, व्यवस्थापन, |

| क्र.सं | शिर्षक | भाग, धारा/उपधारा | मस्यौदा | फरक मत | फरक मतको औचित्य |
|---|---|---|---|---|---|
| | | | | | उपयोग र उपभोगमा उनीहरूको सहभागीता सुनिश्चित गरेकोले यो उपधारा थप्न जरूरी भएको । |
| १४ | | ३६(५) | <u>शिक्षा सम्बन्धी हकः</u><br>(५)नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफनो मातृभाषामा माध्यमिक तहसम्म शिक्षा प्राप्त गर्न र कानुन बमोजिम विद्यालय तथा शैक्षिक संस्था खोल्न र सञ्चालन गर्न हक हुनेछ । | <u>शिक्षा सम्बन्धी हकः</u><br>(५)नेपालमा बसोबास गर्ने प्रत्येक ~~नेपाली~~ समुदायलाई आफनो मातृभाषामा माध्यमिक तहसम्म शिक्षा प्राप्त गर्ने र कानुनबमोजिम विद्यालय तथा शैक्षिक संस्था खोल्न, **संचालन गर्ने र नियन्त्रण गर्ने हक हुने छ ।यस हकको प्रचलनको लागि राज्यले प्रभावकारी व्यवस्था गर्ने छ ।** | बहुभाषिक समाजमा प्रत्येक भाषिक समुदायको गुणस्तरिय शिक्षामा पहुँच बढाउन, भाषाका कारण शिक्षाबाट वञ्चित बाल बालिकाहरूको शैक्षिक स्तरमा सुधार ल्याउन,प्रत्येक समुदायको क्षमता अभिवृद्धिको अवस्था विस्तार गर्न र साँस्कृतिक बहुलवादको मर्म अनुरूप शिक्षा प्रणालीलाई सुदृढ पार्न यो प्रावधान थप्न जरूरी छ । |
| १५ | | ३७ (१) | <u>भाषा तथा संस्कृतिको हकः</u><br>(१)प्रत्येक व्यक्ति र समुदायलाई आफनोभाषा प्रयोग गन हक हुनेछ । | <u>भाषा तथा संस्कृतिको हकः</u><br>(१)प्रत्येक व्यक्ति र समुदायलाई **सरकारी काम काज र सार्वजनिक स्थान वा कार्यालयमा** आफनो भाषा प्रयोग गन हक हुनेछ । | भषाको प्रायोग परिवार र समुदायमा प्रयोगमा मात्र सीमित गर्नाले भाषाको क्रमशः लोप हुने हुँदा भाषा संरक्षण र संवर्धन र भाषिक विविधता प्रवर्धन गर्न यो व्यवस्था जरूरी छ । |
| १६ | | ३७ (३) | <u>भाषा तथा संस्कृतिको हकः</u><br>(३) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफनो भाषा, लिपि,संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र सवर्धन गर्न हक हुनेछ । | <u>भाषा तथा संस्कृतिको हकः</u><br>(३)नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफनो भाषा, लिपि,संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र सवर्धन गर्न हक हुनेछ । **यस्तो हकको प्रचलनको लागि राज्यले आवश्यक प्रभावकारी व्यवस्था गर्ने छ ।** | भाषा, लिपि,संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र सवर्धन सम्बन्धित समुदायको आफनो स्रोत र साधनबाट मात्र प्रभाकारी नहुने हँदा र बहुवादको प्रवर्द्धन पनि नहुने हुँदा यो थप व्यवस्था जरूरी छ । |
| १७ | | ४१(३) | <u>खाद्य सम्बन्धीहकः</u><br>(३) प्रत्येकनागरिकलाई कानुन बमोजिम खाद्य सम्प्रभुताको हक हुनेछ । | <u>खाद्य सम्बन्धीहकः</u><br>(३)प्रत्येकनागरिक **र समुदाय**लाई कानुन बमोजिम खाद्य सम्प्रभुताको हक हुनेछ । | खाद्य सम्प्रभुताको हक नागरिकको सरोकारको विषयमात्र नभएर पर्यावरणीय क्षेत्रका समुदाय विशेषको गम्भिर सरोकारको विषय भएको समुदाय भन्ने शव्द थप्न आवश्यक छ । |
| १८ | | ४३(४) | <u>महिलाकोहकः</u><br>(४) राज्य संयन्त्रका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्दान्तको आधारमा सहभागि हुने हक हुनेछ । | <u>महिलाकोहकः</u><br>(४) राज्य संयन्त्रका सबै निकायमा महिलालाई **महिला भित्रकै विविधता अनुरूप** समानुपातिक समावेशी सिद्दान्तको आधारमा सहभागि हुने हक हुनेछ । | महिला मात्र उल्लेख गर्नाले प्रत्वशाली जातिका महिलाहरूको मात्र पहुँच र अवसर विस्तार हुने हुँदा महिला भित्र पनि जातीय विविधतालाई ख्यालमा राखी समानुपातिक समावेशी व्यवस्था हुनु जरूरी हुँदा यस्तो उपधारा आवश्यक भएको हो । |
| १९ | | ४७ (१) | <u>सामाजिक न्यायको हकः</u><br>(१) सामाजिकरूपले पछाडि परेका महिला, दलित,आदिवासी,आदिवासी जनजाति, खसआर्य, मधेशी, थारू, अल्पसंख्यक, सीमान्तीकृत, मुस्लिम,पिछडावर्ग, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, युवा,किसान, मजुदर, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिकलाई समावेशी सिद्दान्तका आधारमा राज्यका संरचना तथा सार्वजनिक सेवामा सहभागिताको हक हुनेछ । | <u>सामाजिक न्यायको हकः</u><br>(१) सामाजिक, **सांस्कृतिक, आर्थिक र राजनीति**रूपले पछाडि ~~परेका~~**पारिएका** महिला, दलित, ~~आदिवासी~~, आदिवासी जनजाति, खस ~~आर्य~~, मधेशी, थारू, अल्पसंख्यक, सीमान्तीकृत, मुस्लिम,पिछडावर्ग, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, युवा,किसान, मजदुर, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिकलाई समावेशी सिद्दान्तका आधारमा राज्यका संरचना तथा सार्वजनिक सेवामा सहभागिताको हक हुनेछ । | दमनकारी, विभेदकारी र वहिष्करणकारी राज्य संरचनाले पुयाएको ऐतिहासिक अन्याय र क्षतिलाई सम्बोधन गर्न यो प्रावधान स्पष्ट हुन जरूरी भएकाले पमार्जिन गरिएको हो । |

| क्र.सं | शिर्षक | भाग, धारा/उपधारा | मस्यौदा | फरक मत | फरक मतको औचित्य |
|---|---|---|---|---|---|
| २० | | ५१ | आत्मनिर्णयको हक | **नयाँ धारा थप गर्ने**<br>**(१) आदिवासी जनजातिलाई आत्म-निर्णयको हक हुनेछ, । यसको आधारमा उनीहरूले स्वतन्त्रपूर्वक राजनीतिक अवस्था निर्धारण गर्ने, आर्थिक, सामाजिक र सांस्कृतिक विकास गर्ने, आफ्नो परम्परागत भूमि तथा प्राकृतिक स्रोतको स्वामित्व, नियन्त्रण, प्रयोग, उपभोग र व्यवस्थापन गर्ने छन् ।**<br>**(२) आदिवासी जनजातिले आत्मनिर्णयको हक स्वायत्तता र स्वशासनमार्फत अभ्यास गर्नेछन् ।**<br>**(३) आदिवासी जनजातिलाई सबै क्षेत्र र तहका निर्णय गर्ने राज्यसंरचनामा जातीय जनसंख्याको आधारमा समावेशी समानुपातिक प्रतिनिधित्वको हक हुनेछ । राज्यले छुट्टै निर्वाचन क्षेत्र र प्रणाली लगायतका उपायद्वारा आदिवासी जनजातिलाई समान हैसियत र अधिकार उपभोग गराउने व्यवस्था गर्नेछ ।**<br>**(४) आदिवासी जनजातिहरूलाई उनीहरूसंग सम्बन्धित र सरोकार रहने कानून निर्माण, शंसोधन वा खारेज गर्दा , भूमि व्यवस्थापन र प्रशासनिक, नीतिगत तथा विकास सम्बन्धी कार्य गर्दा उनीहरूको परम्परागत तथा प्रतिनिधिमूलक संस्थामार्फत स्वतन्त्र अग्रिम सुसूचित सहमतिको हक हुनेछ ।**<br>**(५) राज्यले स्वतन्त्र अग्रिम सुसूचित सहमति, सहभागिता र प्रतिनिधित्व कार्यान्वयनको निम्ति आवश्यक कानून, नियम वा नीति बनाउने छ ।** | दमन, विभेद, वहिष्करण, अधिनस्तता र असमाता, शोषण आदि अमानवीय कार्य रोकी समानता, स्वतन्त्रता, स्वाधिनता सुश्चित गर्न मानव अधिकार र आदिवासी जनजाति अधिकार सम्बन्धी दस्तावेजहरूले प्रत्याभूत गरेको जन्मशिद्ध अहरणीय अविभाज्य आत्मनिर्णयको अधिकारलाई संविधानमा लिपिवद्ध गर्न जरूरी भएको र आदिवासी जनजातिहरूलाई राज्यको शक्ति संरचना र शासकीय पद्धतीमा सहभागी बनाउन र देशको समग्र स्रोत साधन र अवसरहरूमा उनीहरूको पहुँच बढाउन एवं ऐतिहासिक अन्यायको संबोधन गर्न यस्तो हकको व्यवस्था गर्न जरूरी भएकोले यो प्रावधान (धारा) थप गरिएको हो । |
| २१ | | ५२ | भूमि तथा प्राकृतिक स्रोतको अधिकार | **नयाँ धारा थप गर्ने**<br>**आदिवासी जनजातिहरूलाई आफ्नो पुर्ख्यौली भूमि, भुक्षेत्र तथा प्राकृतिक स्रोत साधनमाथि स्वामित्व, प्रयोग, उपभोग, व्यवस्थापन, संरक्षण र नियन्त्रणको हक हुनेछ ।** | आफनो पूर्ख्यौली भूमि, भूक्षेत्र र त्यहाँ भएका प्राकृतिक स्रोत साधनहरूको स्वामित्व, उपयोग, व्यवस्थापन र संरक्षणबाट वञ्चित हुँदा र बाहिरीयाले भने त्यसबाट लाभ लिइरहँदा आदिवासी जनजातिहरूको पहिचान र स्वाभिमानमा धक्का पुग्ने, आर्थिक संकट गहिरिदै जाने, वातावरणीय विनास बढ्दै जाने हुँदा अन्तर्राष्ट्रिय कानून र प्रचलन अनुसार यस्तो व्यवस्था हुनु आवश्यक भएकोले संविधानमा यस्तो हकको व्यवस्था हुनु उपयुक्त र जरूरी छ । |
| २२ | समानताको हक | ३:२३:३ | तर आर्थिक रूपले विपन्न, सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारू, किसान, मजदूर, उत्पीडित वर्ग, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, लोपोन्मुख समुदाय, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, | **(क) सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, अल्पसंख्यक, सीमान्तीकृत, लोपोन्मुख समुदाय संरक्षण, सशक्तीकरण र विकासको लागि कानुन बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन ।**<br>**(ख) अन्य विभिन्न कारणले पिछडिएका किसान, मजदूर, उत्पीडित वर्ग, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, अशक्त वा असहाय र पिछडिएको क्षेत्रको** | सामाजिक सांस्कृतिक कारणले पिछडिएका र अन्य कारणले बहिष्करणमा परेकाको बर्गिकरण गर्दा नीति निर्माणमा स्पस्तता र सहजता हुने । साथै पिछडिएको क्षेत्रको नागरिक भनेर उल्लेख गरेपछि खस आर्यलाई यस वर्गमा राख्न आवश्यक देखिन्दैन। |

| क्र.सं | शिर्षक | भाग, धारा/उपधारा | मस्यौदा | फरक मत | फरक मतको औचित्य |
|---|---|---|---|---|---|
| | | | अपाङ्गता भएका व्यक्ति, अशक्त वा असहाय र पिछडिएको क्षेत्रको नागरिकको संरक्षण, सशक्तीकरण वा विकासको लागि कानुन बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन । | **नागरिकको संरक्षण, सशक्तीकरण वा विकासको लागि कानुन बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन ।** | |
| २३. | राज्यको स्वरूप र राज्य शक्तिको बाँडफाँड | ५:६०:३-४ | पहिचानका जातीय/समुदाय, भाषिक, सांस्कृतिक, भौगोलिक/क्षेत्रगत निरन्तरता एवं ऐतिहासिक निरन्तरता र सामार्थ्यका आर्थिक अन्तरसम्वन्ध र सामर्थ्यता, पूर्वाधार विकासको अवस्था र सम्भावना, प्राकृतिक साधन र स्रोतको उपलब्धता र प्रशासनिक सुगमताका आधारमा नेपालमा आठ प्रदेश रहने छन्।<br>प्रदेशको सीमांकन सम्बन्धी सुझाव दिन नेपाल सरकारले एक संघीय आयोग गठन गर्नेछ । त्यस्तो आयोगको कार्यकाल छ महीनाको हुनेछ ।<br>(४) उपधारा (३) बमोजिमको संघीय आयोगको सुझावको आधारमा प्रदेशको सिमांकन सम्बन्धी अन्तिम निर्णय सो आयोगको प्रतिवेदन यस संविधान बमोजिम रूपान्तरित व्यवस्थापिका–संसदमा पेश भएको मितिले तीन महिनाभित्र व्यवस्थापिका–संसदमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको दुई तिहाइ बहुमतले गर्नेछ । | पहिचानका जातीय/समुदाय, भाषिक, सांस्कृतिक, भौगोलिक/क्षेत्रगत निरन्तरता एवं ऐतिहासिक निरन्तरता र सामार्थ्यका आर्थिक अन्तरसम्वन्ध र सामर्थ्यता, पूर्वाधार विकासको अवस्था र सम्भावना, प्राकृतिक साधन र स्रोतको उपलब्धता र प्रशासनिक सुगमताका आधारमा नेपालमा आठ प्रदेश रहने छन्।<br>**प्रदेशको सीमांकन यहिं संविधानसभाले गरी संविधानको घोषणा गर्ने । यसो गर्न असमर्थ भए दोस्रो विकल्पको रूपमा सरकारले गठन गरिने संघीय आयोगले ३ महिना भित्र प्रस्तुत गरिने सुझावको आधारमो १ महिना भित्र रूपान्तरित संसदले सम्पूर्ण सदस्य संख्याको दुई तिहाइ बहुमतले निर्णय गरिने छ ।**<br>**उल्लेखित दुई मध्य जुनसुकै विकल्प अपनाए पनि सिमाङ्कन गर्दा जातीय बसोबासको भौगोलिक निरन्तरताको आधारमा गर्ने ।** | सर्वोच्च आदालतको अन्तरिम आदेशलाई –अन्यथा अर्को निर्णय नभएमा – पालना गर्नै पर्दछ ।<br><br>पहिचानलाई मूर्त रूप दिने प्रमुख आधार भनेको जातीय बसोबासको भौगोलिक निरन्तरता नै हो । |
| २४ | राज्यको स्वरूप र राज्य शक्तिको बाँडफाँड | ५:६०:५ | उपधारा (४) बमोजिम निर्माण गरिएका प्रदेशको नामकरण सम्बन्धित प्रदेश सभाको सम्पूर्ण सदस्य संख्याको दुई तिहाइ बहुमतबाट हुनेछ ।- | **प्रदेशको नामाकरण यहिं संविधानसभाले गरी संविधानको घोषणा गर्ने । यसो गर्न असमर्थ भए दोस्रो विकल्पको रूपमा**<br>**प्रदेश सभाको सम्पूर्ण सदस्य संख्याको बहुमतबाट हुनेछ ।**<br>**उल्लेखित दुई मध्य जुनसुकै विकल्प अपनाए पनि नामाकरण गर्दा जातीय वा भाषिक वा सांस्कृतिक पहिचान झल्कनै पर्ने हुन्छ ।** | नमाकरणलाई सजिलो बनाउने |
| २५ | राज्यको स्वरूप र राज्य शक्तिको बाँडफाँड | ५:६०:६ | स्थानीय तह अन्तर्गत गाउँपालिका, नगरपालिका र जिल्ला सभा रहनेछन्। गाउँपालिका र नगरपालिकामा रहने वडाको संख्या कानुन बमोजिम हुनेछ । | **स्थानीय तह अन्तर्गत गाउँपालिका र नगरपालिका रहनेछन्। गाउँपालिका र नगरपालिकामा रहने वडाको संख्या कानुन बमोजिम हुनेछ ।**<br><br>**जिल्ला सभा र जिल्ला परिषद सम्बन्धि सबै प्रावधान हटाउने ।** | निम्न कारणले जिल्लको संरचना आवश्यक नभएको<br>१. प्रस्तावित जिल्लाको अधिकारक्षेत्र संविधानमा व्यवस्था नभएकोले एकतहको स्थानीय सरकारको सिद्धान्तलाई अपनाएको ।<br>२. केन्द्र र स्थानीय सरकार बीचमा प्रदेशको व्यबस्था भएकोले अन्य समन्वयकारी संस्था आवश्यक छैन ।<br>३. जिल्ला सभा र जिल्ला परिषद निर्वाचित एकाई हुने हुन्दा कुनै पनि निर्वाचित अङ्ग समन्वयको भूमिकामा |

| क्र.सं | शिर्षक | भाग, धारा/उपधारा | मस्यौदा | फरक मत | फरक मतको औचित्य |
|---|---|---|---|---|---|
| | | | | | सिमित हुन नसक्ने भएकोले यसले अनावश्यक झन्झत, समस्या र खिचलो बढाउँछ ।<br>४. जिल्लको संरचनाले गर्दा जातीय बसोबासको भौगोलिक निरन्तरताको आधारमा सिमाङ्कन गर्ने अवरोध भएको।<br>५. प्रदेशको प्रशासनिक खर्च मितव्ययी बनाउन |
| २६ | राज्यको स्वरूप र राज्य शक्तिको बाँडफाँड | ५:६०:७ | विशेषक्षेत्र सहितको विशेष संरचना कानुन बमोजिम हुनेछ | **अल्पसंख्यक आदिवाशी जनजाति सघन रूपमा बसोबास गरेको स्थानमा स्वायत्त क्षेत्र र संरक्षित क्षेत्रको को ब्यवस्था प्रादेशिक कानून बमोजिम हुनेछ ।**<br>**स्वायत्त क्षेत्रको अधिकार सूची अनुसूची ८ अनुसार हुने छ ।** | पहिलो संविधानसभाको राज्य पुनःसंरचना तथा राज्यशक्तिको बाँडफाँड समितिले तयार गरेको सूचीमा प्रथाजनित कूनन थप्ने । |
| २७ | राष्ट्रपति र उपराष्ट्रपति | ६ | | ६:१ अगाडि थप्नु पर्ने<br>**नेपालमा एक राष्ट्रपति र एक उप राष्ट्रपति हुने छ । यी दुई मध्ये एक विपरित लि  र फरक जातजाति हुने छ ।** | प्रस्तावनामा उल्लेखित समानुपातिक समावेशीलाई मूर्त रूप दिन ।<br>दोस्रो जनआन्दोलन पछि परिकल्पना गरेको समावेशी लोकतन्त्रलाई साकार पार्न |
| २८ | संघीय कार्यपालिका | ७:७९:९ | राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा संघीय संसदका सदस्यमध्येबाट समावेशी सिद्दान्त बमोजिम बढीमा पच्चीस जना मन्त्री रहेकोमन्त्रिपरिषद्‌गठन गर्नेछ । | राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा संघीय संसदका सदस्यमध्येबाट **समानुपातिक** समावेशी सिद्दान्त बमोजिम बढीमा पच्चीस जना मन्त्री रहेकोमन्त्रिपरिषद्‌गठन गर्नेछ । | प्रस्तावनामा उल्लेखित समानुपातिक समावेशीलाई मूर्त रूप दिन ।<br>दोस्रो जनआन्दोलन पछि परिकल्पना गरेको समावेशी लोकतन्त्रलाई साकार पार्न<br>संविधानको कुनै खण्डमा समानुपातिक समावेशीलाई परिभाषित गर्नु पर्ने : धेरै संख्या हुने राज्यको अङ्गमा न्यूनतम ३३ प्रतिशत महिला सहित जनसंख्याको अनुपातमा खसआर्य, मधेशी, थारू, आदिवाशी जनजाति र दलितको प्रतिनीधित्व हुने व्यवस्था । |
| २९ | संघीय व्यवस्थापिका | ८:८८:२ | समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभाको निर्वाचनको लागि राजनीतिक दलले उम्मेदवारी दिंदा भूगोल, जनसंख्या र प्रादेशिक सन्तुलनको आधारमा महिला, दलित, आदिवासी, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र, अल्पसंख्यक समुदाय समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था कानुन बमोजिम हुनेछ । | समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभाको निर्वाचनको लागि **राजनीतिक दलले बन्द सूचीका आधारमा उम्मेदवारी दिंदा र प्रतिनिधि छान्दा आदिवासी जनजाति, खस आर्य, मधेसी, थँरू लगायत तराईका आदिवाशी र दलितको जनसंख्याको अनुपातमा हुनेछ ।**<br>**१. यसरी निर्वाचित हुनेमा सबै जातजातिबाट कमसेकम आधा महिला हुनेछ । महिलाको प्रतिनिधित्व प्रत्यक्ष र समानुपातिकबाट कूल संख्यामा कमसेकम ३३ प्रतिशत पुऱ्याउन आवश्यकता अनुसार समानुपातिकबाट महिलाको प्रतिनिधित्व आदि भन्दा बढी हुन सक्दछ ।**<br>**२. माथि उल्लेखित सामाजिक समूहबाट हुने उम्मेदवारी र प्रतिनीधित्वमा हरेकको उपसमूहको प्रतिनिधित्व (जस्तै खस आर्यको ब्राम्हण, क्षेत्री र दशनामी, मधेशीको जात समुदाय, जनजाति र मुस्लिम, दलितको पहाडी दलित र मधेशी दलित र आदिवाशी जनजातिको बहुसंख्यक र अल्पसंख्यकको) जनसंख्याको अनुपातमै हुनेछ ।** | प्रस्तावनामा उल्लेखित समानुपातिक समावेशीलाई मूर्त रूप दिन ।<br>दोस्रो जनआन्दोलन पछि परिकल्पना गरेको समावेशी लोकतन्त्रलाई साकार पान |

| क्र.सं | शिर्षक | भाग, धारा/उपधारा | मस्यौदा | फरक मत | फरक मतको औचित्य |
|---|---|---|---|---|---|
| | | | | **३.माथि उल्लेखित सामाजिक समुहबाट हुने उम्मेदवारीमा नियुन्नतम एक जाति एक प्रतिनिधि संघमा सुनिच्छित हुन पर्ने ।**<br>**४. यसरी जनसंख्याको अनुपातमा उम्मेदवारी र प्रतिनिधित्व गराउँदा प्रादेशिक र भौगोलिक सन्तुलनलाई मध्यनजर गर्ने छ ।** | |
| ३० | संघीय व्यवस्थापिका | ८:९५:१ | प्रतिनिधिसभाले सो सभाको पहिलो बैठक प्रारम्भ भएको मितिले पन्ध्र दिनभित्र प्रतिनिधिसभाका सदस्यहरू मध्येबाट सभामुख र उपसभामुखको निर्वाचन गर्नेछ । सभामुख र उपसभामुख मध्ये एक जना महिला हुनु पर्नेछ । | प्रतिनिधिसभाले सो सभाको पहिलो बैठक प्रारम्भ भएको मितिले पन्ध्र दिनभित्र प्रतिनिधिसभाका सदस्यहरू मध्येबाट सभामुख र उपसभामुखको निर्वाचन गर्नेछ ।<br>**यी दुई मध्ये एक विपरित लि , फरक जातजाति हुने छ ।** | प्रस्तावनामा उल्लेखित समानुपातिक समावेशीलाई मूर्त रूप दिन ।<br>दोस्रो जनआन्दोलन पछि परिकल्पना गरेको समावेशी लोकतन्त्रलाई साकार पान |
| ३१ | संघीय व्यवस्थापिका | ८:९६:१ | राष्ट्रियसभाले सो सभाको पहिलो बैठक प्रारम्भ भएको मितिले पन्ध्र दिनभित्र राष्ट्रियसभाका सदस्यहरू मध्येबाट अध्यक्ष र उपाध्यक्षको निर्वाचन गर्नेछ । अध्यक्ष र उपाध्यक्ष मध्ये एक जना महिला हुनु पर्नेछ । | राष्ट्रियसभाले सो सभाको पहिलो बैठक प्रारम्भ भएको मितिले पन्ध्र दिनभित्र राष्ट्रियसभाका सदस्यहरू मध्येबाट अध्यक्ष र उपाध्यक्षको निर्वाचन गर्नेछ ।<br>**यी दुई मध्ये एक विपरित लि र फरक जातजाति हुने छ ।** | प्रस्तावनामा उल्लेखित समानुपातिक समावेशीलाई मूर्त रूप दिन ।<br>दोस्रो जनआन्दोलन पछि परिकल्पना गरेको समावेशी लोकतन्त्रलाई साकार पान |
| ३२ | न्यायपालिका | ११:१३०:१ | नेपालमा देहाय बमोजिमका अदालतहरु रहनेछन्ः- (क) सर्वोच्च अदालत, (ख) उच्च अदालत, र (ग) जिल्ला अदालत । | नेपालमा देहाय बमोजिमका अदालतहरु रहनेछन्ः- (क) सर्वोच्च अदालत, (ख) उच्च अदालत, र (ग) **स्थानीय** अदालत । | क्र.सं ७ मा दिएको कारण |
| ३३ | न्यायपालिका | | | थप्नुपर्ने बुंदाः-<br>**न्याय परिषदको गठन लगायत हरेक तहको अदालतमा न्यायधिसहरूको नियुक्ति गर्दा समानुपातिक समावेशी अनुसार हुनेछ ।** | प्रस्तावनामा उल्लेखित समानुपातिक समावेशीलाई मूर्त रूप दिन ।<br>दोस्रो जनआन्दोलन पछि परिकल्पना गरेको समावेशी लोकतन्त्रलाई साकार पार्न |
| ३४ | प्रादेशिक कार्यपालिका | १२:१६६:९ | प्रदेश प्रमुखले मुख्यमन्त्रीको सिफारिसमा प्रदेश सभाका सदस्यमध्येबाट समावेशी सिद्दान्त बमोजिम मुख्यमन्त्री सहित प्रदेश सभाका कुल सदस्य संख्याको बीस प्रतिशत भन्दा बढी नहुने गरीप्रदेश मन्त्रिपरिषद्गठन गर्नेछ । | प्रदेश प्रमुखले मुख्यमन्त्रीको सिफारिसमा प्रदेश सभाका सदस्यमध्येबाट **समानुपातिक समावेशी** सिद्दान्त बमोजिम मुख्यमन्त्री सहित प्रदेश सभाका कुल सदस्य संख्याको बीस प्रतिशत भन्दा बढी नहुने गरीप्रदेश मन्त्रिपरिषद्गठन गर्नेछ । | प्रस्तावित ८ प्रदेशमा अधिकाँश प्रदेशहरू बहुजातीय हुन जाने हुन्दा ।<br><br>प्रस्तावनामा उल्लेखित समानुपातिक समावेशीलाई मूर्त रूप दिन ।<br>दोस्रो जनआन्दोलन पछि परिकल्पना गरेको समावेशी लोकतन्त्रलाई साकार पार्न |
| ३५ | प्रादेशिक व्यवस्थापिका | १३:१७५:४ | समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रदेश सभाको निर्वाचनको लागि राजनीतिक दलले उम्मेदवारी दिंदा भूगोल र जनसंख्याको आधारमा महिला, दलित, आदिवासी, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र, अल्पसंख्यक समुदाय समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था कानुन बमोजिम हुनेछ । | समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रदेश सभाको निर्वाचनको लागि **राजनीतिक दलले बन्द सूचीका आधारमा उम्मेदवारी दिंदा र प्रतिनिधि छान्दा आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू लगायत तराईका आदिवाशी र दलितको जनसंख्याको अनुपातमा हुनेछ ।**<br>**१. यसरी निर्वाचित हुनेमा सबै जातजातिबाट कमसेकम आधा महिला हुनेछ । महिलाको प्रतिनिधित्व प्रत्यक्ष र समानुपातिकबाट कूल संख्यामा कमसेकम ३३ प्रतिशत पुन्याउन आवश्यकता अनुसार समानुपातिकबाट महिलाको प्रतिनिधित्व आदि भन्दा बढी हुन सक्दछ ।** | प्रस्तावनामा उल्लेखित समानुपातिक समावेशीलाई मूर्त रूप दिन ।<br>दोस्रो जनआन्दोलन पछि परिकल्पना गरेको समावेशी लोकतन्त्रलाई साकार पार्न |

| क्र.सं | शिर्षक | भाग, धारा/उपधारा | मस्यौदा | फरक मत | फरक मतको औचित्य |
|---|---|---|---|---|---|
| | | | | **२. माथि उल्लेखित सामाजिक समूहबाट हुने उम्मेदवारी र प्रतिनीधित्वमा हरेकको उपसमूहको प्रतिनिधित्व (जस्तै खस आर्यको ब्राम्हण, क्षेत्री, ठकुरी र दशनामी, मधेशीको जात समुदाय, जनजाति र मुस्लिम, दलितको पहाडी दलित र मधेशी दलित र आदिवाशी जनजातिको बहुसंख्यक र अल्पसंख्यकको) जनसंख्याको अनुपातमै हुनेछ ।**<br>**३. माथि उल्लेखित सामाजिक समुहबाट हुने उम्मेदवारीमा नियुन्तम एक जाति एक प्रतिनिधि सुनिच्छित हुनु पर्ने ।**<br>**४. यसरी जनसंख्याको अनुपातमा उम्मेदवारी र प्रतिनिधित्व गराउँदा प्रादेशिक र भौगोलिक सन्तुलनलाई मध्यनजर गर्ने छ ।** | |
| ३६ | प्रादेशिक व्यवस्थापिका | १३:१८१:१ | प्रदेश सभाले सो सभाको पहिलो बैठक बसेको मितिले बीस दिनभित्र आफ्ना सदस्य मध्येबाट प्रदेश सभामुख र उपसभामुखको निर्वाचन गर्नेछ । प्रदेश सभामुख र उपसभामुख मध्ये एक जना महिला हुनु पर्नेछ । | प्रदेश सभाले सो सभाको पहिलो बैठक बसेको मितिले बीस दिनभित्र आफ्ना सदस्य मध्येबाट प्रदेश सभामुख र उपसभामुखको निर्वाचन गर्नेछ ।<br>प्रदेश सभामुख र उपसभामुख मध्ये **एक विपरित लि , फरक जातजाति हुने छ ।** | प्रस्तावनामा उल्लेखित समानुपातिक समावेशीलाई मूर्त रूप दिन ।<br>दोस्रो जनआन्दोलन पछि परिकल्पना गरेको समावेशी लोकतन्त्रलाई साकार पार्न |
| ३७ | स्थानीय कार्यपालिका | १६:२१३: १-२ | प्रत्येक गाउँपालिकामा एक जना गाउँ कार्यपालिका प्रमुख रहनेछ । निजको अध्यक्षतामा गाउँकार्यपालिका गठन हुनेछ ।<br>उपधारा (१) बमोजिमको गाउँ कार्यपालिकामा एक जना उपप्रमुख र पन्ध्र जना सदस्य रहनेछन् । | प्रत्येक गाउँपालिकामा एक जना गाउँ कार्यपालिका प्रमुख रहनेछ । निजको अध्यक्षतामा गाउँकार्यपालिका गठन हुनेछ ।<br>उपधारा (१) बमोजिमको गाउँ कार्यपालिकामा एक जना उपप्रमुख र पन्ध्र जना सदस्य रहनेछन्।<br>गाउँकार्यपालिका प्रमुख र उपप्रमुख मध्ये एक **विपरित लि , फरक जातजाति हुने छ ।** | प्रस्तावनामा उल्लेखित समानुपातिक समावेशीलाई मूर्त रूप दिन ।<br>दोस्रो जनआन्दोलन पछि परिकल्पना गरेको समावेशी लोकतन्त्रलाई साकार पार्न |
| ३८ | स्थानीय कार्यपालिका | १६:२१४:१-२ | प्रत्येक नगरपालिकामा एक जना नगर कार्यपालिका प्रमुख रहनेछ । निजको अध्यक्षतामा नगर कार्यपालिका गठन हुनेछ ।<br>उपधारा (१) बमोजिमको नगर कार्यपालिकामा एक जना उपप्रमुख र कम्तीमा उन्नाईस जना सदस्य रहनेछन्। | प्रत्येक नगरपालिकामा एक जना नगर कार्यपालिका प्रमुख रहनेछ । निजको अध्यक्षतामा नगर कार्यपालिका गठन हुनेछ<br>उपधारा (१) बमोजिमको नगर कार्यपालिकामा एक जना उपप्रमुख र कम्तीमा उन्नाईस जना सदस्य रहनेछन्।<br>नगरपालिका प्रमुख र उपप्रमुख मध्ये एक **विपरित लि , फरक जातजाति हुने छ ।** | प्रस्तावनामा उल्लेखित समानुपातिक समावेशीलाई मूर्त रूप दिन ।<br>दोस्रो जनआन्दोलन पछि परिकल्पना गरेको समावेशी लोकतन्त्रलाई साकार पार्न |
| ३९ | स्थानीय कार्यपालिका | १६:२१८ | जिल्लासभा | **यो धारा हटाउने** | क्र.सं ७ मा दिएको कारण |
| ४० | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | २०:२३७:२ | राष्ट्रपतिले संवैधानिक परिषदको सिफारिसमा प्रमुख आयुक्त र अन्य आयुक्तहरूको नियुक्ति गर्नेछ । | राष्ट्रपतिले संवैधानिक परिषदको सिफारिसमा **समानुपातिक समावेशीको आधारमा** प्रमुख आयुक्त र अन्य आयुक्तहरूको नियुक्ति गर्नेछ । | प्रस्तावनामा उल्लेखित समानुपातिक समावेशीलाई मूर्त रूप दिन ।<br>दोस्रो जनआन्दोलन पछि परिकल्पना गरेको समावेशी लोकतन्त्रलाई साकार पार्न |
| ४१ | लोकसेवा आयोग | २२:२४१:२ | राष्ट्रपतिले संवैधानिक परिषदको सिफारिसमा संघीय लोक सेवा आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्नेछ । | राष्ट्रपतिले संवैधानिक परिषदको सिफारिसमा **समानुपातिक समावेशीको आधारमा** संघीय लोक सेवा आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्नेछ । | प्रस्तावनामा उल्लेखित समानुपातिक समावेशीलाई मूर्त रूप दिन ।<br>दोस्रो जनआन्दोलन पछि परिकल्पना गरेको समावेशी लोकतन्त्रलाई साकार पार्न |

| क्र.सं | शिर्षक | भाग, धारा/उपधारा | मस्यौदा | फरक मत | फरक मतको औचित्य |
|---|---|---|---|---|---|
| ४२ | निर्वाचन आयोग | २३:२४४:२ | राष्ट्रपतिले संवैधानिक परिषदको सिफारिसमा प्रमुख निर्वाचन आयुक्त र आयुक्तहरूको नियुक्ति गर्नेछ । | राष्ट्रपतिले संवैधानिक परिषदको सिफारिसमा **समानुपातिक समावेशीको आधारमा** प्रमुख निर्वाचन आयुक्त र आयुक्तहरूको नियुक्ति गर्नेछ । | प्रस्तावनामा उल्लेखित समानुपातिक समावेशीलाई मूर्त रूप दिन ।<br>दोस्रो जनआन्दोलन पछि परिकल्पना गरेको समावेशी लोकतन्त्रलाई साकार पार्न |
| ४३ | राष्ट्रिय मानव अधिकार आयोग | २४:२४७:२ | राष्ट्रपतिले संवैधानिक परिषदको सिफारिसमा राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्नेछ । | राष्ट्रपतिले संवैधानिक परिषदको सिफारिसमा **समानुपातिक समावेशीको आधारमा** राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्नेछ । | प्रस्तावनामा उल्लेखित समानुपातिक समावेशीलाई मूर्त रूप दिन ।<br>दोस्रो जनआन्दोलन पछि परिकल्पना गरेको समावेशी लोकतन्त्रलाई साकार पार्न |
| ४४ | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तीय आयोग | २५:२४९:२ | राष्ट्रपतिले संवैधानिक परिषदको सिफारिसमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तीय आयोगको अध्यक्ष र सदस्यहरूको नियुक्ति गर्नेछ । | राष्ट्रपतिले संवैधानिक परिषदको सिफारिसमा **समानुपातिक समावेशीको आधारमा** राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तीय आयोगको अध्यक्ष र सदस्यहरूको नियुक्ति गर्नेछ । | प्रस्तावनामा उल्लेखित समानुपातिक समावेशीलाई मूर्त रूप दिन ।<br>दोस्रो जनआन्दोलन पछि परिकल्पना गरेको समावेशी लोकतन्त्रलाई साकार पार्न |
| ४५ | राष्ट्रिय महिला आयोग | २६:२५१:२ | राष्ट्रपतिले संवैधानिक परिषदको सिफारिसमा राष्ट्रिय महिला आयोगका अध्यक्ष र सदस्यहरूको नियुक्ति गर्नेछ । | राष्ट्रपतिले संवैधानिक परिषदको सिफारिसमा **समानुपातिक समावेशीको आधारमा** राष्ट्रिय महिला आयोगका अध्यक्ष र सदस्यहरूको नियुक्ति गर्नेछ । | प्रस्तावनामा उल्लेखित समानुपातिक समावेशीलाई मूर्त रूप दिन ।<br>दोस्रो जनआन्दोलन पछि परिकल्पना गरेको समावेशी लोकतन्त्रलाई साकार पार्न |
| ४६ | राष्ट्रिय दलित आयोग | २७:२५३:२ | राष्ट्रपतिले संवैधानिक परिषदको सिफारिसमा राष्ट्रिय दलित आयोगका अध्यक्ष र सदस्यहरूको नियुक्ति गर्नेछ । | राष्ट्रपतिले संवैधानिक परिषदको सिफारिसमा **समानुपातिक समावेशीको आधारमा (पहाडी र मधेशी दलित, महिला र पुरूष दलित)** राष्ट्रिय दलित आयोगका अध्यक्ष र सदस्यहरूको नियुक्ति गर्नेछ । | प्रस्तावनामा उल्लेखित समानुपातिक समावेशीलाई मूर्त रूप दिन ।<br>दोस्रो जनआन्दोलन पछि परिकल्पना गरेको समावेशी लोकतन्त्रलाई साकार पार्न |
| ४७ | राष्ट्रिय समावेशी आयोग | २८:२५५:२ | राष्ट्रपतिले संवैधानिक परिषदको सिफारिसमा राष्ट्रिय समावेशी आयोगका अध्यक्ष र सदस्यहरूको नियुक्ति गर्नेछ । | राष्ट्रपतिले संवैधानिक परिषदको सिफारिसमा **समानुपातिक समावेशीको आधारमा** राष्ट्रिय समावेशी आयोगका अध्यक्ष र सदस्यहरूको नियुक्ति गर्नेछ । | प्रस्तावनामा उल्लेखित समानुपातिक समावेशीलाई मूर्त रूप दिन ।<br>दोस्रो जनआन्दोलन पछि परिकल्पना गरेको समावेशी लोकतन्त्रलाई साकार पार्न |
| ४८ | राष्ट्रिय आदिवाशी जनजाति आयोग | | | | आदिवाशी जनजाति पनि एक बहिष्करणमा परेको समुदाय हो ।<br>जुन कारणरप्रयोजनकोलागिमहिला र दलित आयोग गठन हुन्छ त्या आदिवाशी जनजातिको हकमा पनि लागु हुन्छ । |
| ४९ | संविधान संशोधन | ३३:२६९:४ | उपधारा (२) बमोजिम पेश भएको विधेयक कुनै प्रदेशको सीमाना परिवर्तन वा अनुसूची–५ मा उल्लिखित विषयसँग सम्बन्धित भएमा त्यस्तो विधेयक संघीय संसदमा प्रस्तुत भएको तीस दिनभित्र सम्बन्धित सदनको सभामुख वा अध्यक्षले सहमतिका लागि प्रदेश सभामा पठाउनु पर्नेछ | उपधारा (२) बमोजिम पेश भएको विधेयक कुनै प्रदेशको सीमाना परिवर्तन वा अनुसूची–५ मा उल्लिखित विषय **र अनुसूची–६ (साझ अधिकार सूची)** संग सम्बन्धित भएमा त्यस्तो विधेयक संघीय संसदमा प्रस्तुत भएको तीस दिनभित्र सम्बन्धित सदनको सभामुख वा अध्यक्षले सहमतिका लागि प्रदेश सभामा पठाउनु पर्नेछ | संविधान संशोधनमा प्रदेशको भूमिका हुने संघीय सिद्धान्तलाई नेपालले नकार्न नमिल्ने । |

| क्र.सं | शिर्षक | भाग, धारा/उपधारा | मस्यौदा | फरक मत | फरक मतको औचित्य |
|---|---|---|---|---|---|
| ५० | विविध | ३४:२७७ | राष्ट्रपतिले समावेशी सिद्धान्तको आधारमा नेपाली राजदूत र कुनै खास प्रयोजनको लागि विशेष प्रतिनिधि नियुक्त गर्नसक्नेछ। | राष्ट्रपतिले **समानुवातिक** समावेशी सिद्धान्तको आधारमा नेपाली राजदूत र कुनै खास प्रयोजनको लागि विशेष प्रतिनिधि नियुक्त गर्न सक्नेछ । | प्रस्तावनामा उल्लेखित समानुपातिक समावेशीलाई मूर्त रूप दिन ।<br>दोस्रो जनआन्दोलन पछि परिकल्पना गरेको समावेशी लोकतन्त्रलाई साकार पार्न |
| ५१ | संक्रमणकालीन व्यवस्था | | | थप्नु पर्ने<br>**प्रदेश सभाको निर्वाचन आउँदो प्रतिनिधिसभाको निर्वाचन अगाडी हुनेछ ।** | रूपान्तरित संसद-व्यवस्थापिका कार्तिक २०७५ सालसम्म अर्थात ३ बर्ष भन्दा बढि भएकोले संशोधन प्रस्ताव अनुसार प्रदेशसभाको निर्वाचनको तयारी गर्न प्रसस्त समय भएको ।<br>यसले संघीय नेपालको रचनामा ढिलो हुनसक्ने संकालाई मेट्दछ। |
| ५२ | | | | राष्ट्रिय सभाको निर्वाचन मण्डलमा स्थानीय सरकारको उपप्रमुख पनि समावेश हुनु पर्ने | |

# दलित समुदायको प्रस्ताव

१. ऐतिहासिक संविधान सभा २०६४ मा सहमति भएका तथा संविधान सभा २०७० ले स्वामित्व ग्रहण गरेका दलित समुदाय सम्वन्धी सबै विषयहरू जस्ताको त्यस्तै नयाँ संविधानमा सूनिश्चित गरियोस् ।

२. संविधानको प्रस्तावनामा सदियौंदेखि दलित समुदायमाथि हुँदै आएको जातीय छुवाछूत र विभेदको आत्मालोचना सहित पश्चाताप गर्दै भन्ने वाक्यांश थपियोस् ।

३. संघीय व्यवस्थापिका (प्रतिनिधिसभा र राष्ट्रियसभा), प्रदेश व्यवस्थापिका र स्थानीय तहका सबै राजनीतिक संरचनामा जनसंख्याको आधारमा दलित समुदायको समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरी संघीय, प्रादेशिक र स्थानीय संरचनामा क्रमशः तीन, पाँच र दश प्रतिशत थप प्रतिनिधित्वको व्यवस्था गरियोस् ।

४. राष्ट्रिय सभामा प्रत्येक प्रदेशबाट न्युनतम एक जना र मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले सिफारिस गर्ने पाँच जनामा कम्तीमा एक जना दलित पर्ने गरी व्यवस्था गरियोस् ।

५. संघीय (केन्द्र) तथा प्रदेश सरकारको मन्त्रीमण्डल (क्याविनेटस्तर) र स्थानीय सरकारको कार्यपालिकामा दलित समुदायको समानुपातिक समावेशी प्रतिनिधित्वको व्यवस्था गरियोस् ।

६. प्रदेश र स्थानीय तहको सिमाङ्कन गर्दा दलित समुदायको वस्ती सकभर एकै ईकाइमा पार्ने गरि गरियोस् ।

७. राज्यका सवै तहका राजनैतिक तथा संवैधानिक नियुक्तिहरूमा दलित समुदायको अनिवार्य प्रतिनीधित्व हुने व्यवस्था गरियोस् ।

८. दलित समुदायको हक अर्न्तगत प्राप्त हुने सम्पूर्ण हकहरू पहाडे दलित, मधेसी दलित र दलित महिलालाई समानुपातिक ढङ्गले व्यवस्था गरियोस् ।

# मुस्लिम समुदायको प्रस्ताव

१. संविधानको प्रस्तावनामा नै धर्मनिरपेक्षता राख्नु आवश्यक छ । किनभने प्रस्तावनामा नै धर्म निरपेक्षता राखियो भने असंशोधनीय हुन्छ र भोलि दुई तिहाइ बहुमतले पनि प्रस्तावना संशोधन गर्न पाउँदैन । खास गरेर धार्मिक अल्पसंख्यक मुस्लिम समुदायलाई आफु सुरक्षित छु भन्ने सन्देश पनि दिन्छ । राज्य धर्मको विषयमा तटस्थ छ भन्ने कुरा पनि यसले सुनिश्चित हुन्छ । तसर्थ प्रस्तावनाकै भागमा धर्मनिरपेक्षतालाई राखिनु पर्दछ ।

२. मुस्लिम आयोगलाई संवैधानिक आयोगको रूपमा राखिनुपर्छ । महिला तथा दलित आयोगलाई संवैधानिक आयोगको रूपमा राखिसकेको अवस्थामा मुस्लिम आयोगलाई पनि संवैधानिक आयोग बनाउनुपर्दछ । मुस्लिम आयोग संवैधानिक आयोग भयो भने त्यसको गरिमा, मर्यादा र स्वीकार्यता बढ्नुका साथसाथै राज्यका विभिन्न निकायहरूलाई संवैधानिक हैसियतको प्रयोग, खबरदारी, नसिहत र कार्रवाही लगायतका कामहरू गर्नसक्ने भएकाले यसको संवैधानिक मान्यता आवश्यक छ ।

३. "मुस्लिम पारिवारिक कानून" लाई संवैधानिक मान्यता दिनुपर्दछ । किनभने नेपालका ऐन, नियम तथा कानुनहरू हिन्दु परम्परा, संस्कृतिमा आधारित रहेकाले कतिपय अवस्थामा उक्त ऐन, नियम, कानूनहरू मुस्लिमको हकमा अनुपयुक्त हुन सक्ने हुन्छ । विवाहकै संरचनालाई उदाहरण स्वरूप हेर्दा हिन्दु परम्परा अनुसार मामा, फुफु, काकाको छोरा, छोरीसँग वैवाहिक सम्बन्ध हुन सक्दैन, यस्तो गरियो भने हाडनाता करणी अनुसारको अपराध लाग्दछ तर मुस्लिम धर्मले यस्तो विवाहलाई स्वीकृति दिएको छ ।

४. राज्यका सबै अङ्ग र निकाय (संवैधानिक निकायहरू समेत) मा मुस्लिम समुदायको जनसंख्याको आधारमा समानुपातिक समावेशी हुनुपर्दछ । अहिले ल्याइएको संविधानको मस्यौदामा संवैधानिक निकायहरू जस्तैः निर्वाचन आयोग, महिला आयोग लगायतका संवैधानिक निकायहरूमा जसरी समावेशी नगर्ने प्रावधान ल्याइएको छ, त्यसप्रति हाम्रो घोर विरोध छ ।

५. प्रदेश र स्थानीय निकायका हरेक तहमा मुस्लिमहरूको जनसंख्याको आधारमा समानुपातिक समावेशीता सुनिश्चित गराउनुपर्ने हुन्छ । जुन कुरा अहिलेको मस्यौदामा छुटेको छ । प्रदेशको कार्यपालिका, प्रदेश सभा, गाउँपालिका र नगरपालिका मा प्रतिनिधित्वको सुनिश्चित नगरिएको अवस्था छ, जसलाई समावेश गरिनुपर्ने आवश्यकता छ ।

६. संघ, प्रदेश र स्थानीय तीनवटै स्तरमा सीमा निर्धारण गर्दा (क्षेत्र, गाउँपालिका, प्रतिनिधिसभा) मुस्लिम समुदायको बाहुल्यता रहेको क्षेत्रलाई जनघनत्व नबिग्रिने गरि निर्धारण गरिनुपर्दछ ।

७. मुस्लिमहरूको मदरसा शिक्षा, भाषा, संस्कृति, धर्म र मानसिक हिसाबले सुरक्षित हुने अधिकार समेत मौलिक हकको रूपमा समावेश गरिनुपर्दछ ।

८. धारा ४७ समावेशीका लागि खस आर्य समुहलाई मुस्लीम समुदाय भन्दा अगाडी राख्नु उपयुक्त छैन । तसर्थ यो प्रावधान हटाइनु पर्दछ ।

९. राज्यको निकाय खास गरी सुरक्षा निकाय तथा कूटनीतिक निकायमा मुस्लीम समुदायको जनसंख्याको अनुपातमा प्रतिनिधित्वको व्यवस्था हुनुपर्दछ । न्याय परिषद्ले सर्वोच्च अदालत, पुनरावेदन अदालत, जिल्ला अदालत तथा अन्य न्यायिक निकायहरूमा मुस्लीमसहित समानुपातिक प्रतिनिधित्वको प्रत्याभूति गरिनुपर्दछ ।

## विस्तृत जानकारीको लागि


**नेपाल कानून समाज**

बबरमहल, काठमाण्डौ, नेपाल

फोनः ४२६६७३५/४२२८४९७

फ्याक्सः ४२२८४९७, पो.ब.नं.: १३२११

इमेलः nls@wlink.com.np,

वेब-साइटः www.nepallawsociety.org



मितिः २०७२ असार २४ गते